फोन नं. ४२००३१६
Email:cdms.mofaga@gmail.com

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(वातावरण तथा विपद् व्यवस्थापन शाखा)

पत्र संख्या:- वातावरण/०७७/०७८ चलानी नं.:- ४२१

मितिः २०७८/३/३०

विषयः- वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७८ कार्यान्वयनको लागि पठाइएको।

श्री जिल्ला समन्वय समिति (सबै)।

श्री गाउँपालिका/नगरपालिका (सबै)।

यस मन्त्रालय (माननीय मन्त्रीस्तर) बाट मिति २०७८।०३।१५ मा स्वीकृत भएको **"वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७८"** आवश्यक कार्यान्वयनका लागि पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

(कृष्णप्रसाद हुमागाई)
शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री सूचना तथा प्रविधि शाखाः- यस मन्त्रालयको Website मा अपलोड गर्ने व्यवस्था हुन।

मानननीय मन्त्रीस्तरबाट मिति २०७८।३।१५ मा स्वीकृत

# वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७८

## (ENVIRONMENT FRIENDLY LOCAL GOVERNANCE FRAMEWORK, 2021)

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार

# विषय सूची

## परिच्छेद एक

## प्रारम्भिक

१.१ पृष्ठभूमि........................................................................................१
१.२ दीर्घकालीन सोंच....................................................................................२
१.३ उद्देश्य.............................................................................................२
१.४ अपेक्षित उपलब्धि.................................................................................२
१.५ कार्यक्षेत्र ..........................................................................................२
१.६ सिद्धान्त ..........................................................................................२
१.७ सूचकको वर्गीकरण..................................................................................३

## परिच्छेद दुई

## कानूनी तथा नीतिगत प्रावधान

२.१ संवैधानिक व्यवस्था..................................................................................४
२.२ विद्यमान नीति तथा योजना........................................................................४
२.३ कानूनी व्यवस्था ....................................................................................४
२.४ अन्तर्राष्ट्रिय सन्धी सम्झौता ........................................................................५

## परिच्छेद तीन

## नगरपालिकाका लागि वातावरणमैत्री स्थानीय शासनका सूचकहरू

३.१ घरपरिवार तह .......................................................................................७
३.२ टोल तह ..............................................................................................९
**३.३ वडा तह** .........................................................................................१०
३.४ नगरपालिका तह ...................................................................................१२

## परिच्छेद चार

## गाउँपालिका लागि वातावरणमैत्री स्थानीय शासनका सूचकहरू

४.१ घर-परिवार तह.....................................................................................१८
४.२ वडा तह ............................................................................................१९
४.३ गाउँपालिका तह.................................................................................... २१

वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७८

## परिच्छेद पाँच

## जिल्ला तहका लागि वातावरणमैत्री स्थानीय शासनका सूचकहरू

५.१ जिल्ला तहमा वातावरणमैत्री स्थानीय शासनका आधारभूत सूचक.............................. २७

५.२ जिल्ला तहमा वातावरणमैत्री स्थानीय शासनका परिस्कृत सूचक ............................... २८

## परिच्छेद छ

## वातावरणमैत्री सार्वजनिक कार्यालय

६.१ वातावरणमैत्री सार्वजनिक कार्यालयका सूचकहरु .............................................. ३०

६.२ वातावरणमैत्री सम्मानपत्र तथा लोगो प्रदानका आधार ..........................................३२

## परिच्छेद सात

## कार्यान्वयन तथा मूल्याङ्कन व्यवस्था

७.१ कार्यान्वयन रणनीति ...............................................................................३३

७.२ कार्यान्वयन प्रक्रिया..................................................................................३३

७.३ मापन संयन्त्र र विधिः............................................................................. ३५

७.४ उत्प्रेरणाका तरिका (Incentive methods) .................................................. ३७

७.४.१ गाउँपालिका/नगरपालिकाः........................................................................ ३७

(क) घर-परिवार तहः ...................................................................................... ३७

(ख) टोल/समुदाय तहः..................................................................................... ३७

(ग) वडा तहः .................................................................................................. ३८

७.४.२ गाउँपालिका/नगरपालिका तहः.................................................................. ३८

७.४.३ जिल्ला तहः ............................................................................................ ३८

७.४.४ तारा प्रदान गर्ने प्रक्रिया.............................................................................. ३८

७.५ संस्थागत संरचना ........................................................................................ ३९

७.६ वित्तीय स्रोत व्यवस्थापन.............................................................................. ४३

७.७ कार्यान्वयन व्यवस्थापन ................................................................................ ४३

७.८ सरोकारवाला निकायहरूको भूमिका ................................................................ ४४

७.९ सूचकको परिमार्जन तथा व्याख्या ...................................................................४५

# परिच्छेद एक

# प्रारम्भिक

## १.१ पृष्ठभूमि

नेपालको संविधानले स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको अधिकारलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ। संविधानले राज्यको नीतिको रुपमा उपलब्ध स्रोत साधनको संरक्षण, सम्वर्द्धन र वातावरण अनुकूल दिगो उपयोगका साथै नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपाय अवलम्बन गर्ने तथा जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक र भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, पंक्षी, वनस्पती, जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोग गर्ने तथा पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्नुका साथै प्राकृतिक प्रकोपवाट हुने जोखिम न्यूनीकरण सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ।

नेपाल सरकारले **समृद्ध नेपाल, सुखी नेपाली** भन्ने दीर्घकालीन राष्ट्रिय लक्ष्य निर्धारण गरेको छ। त्यसै गरी दिगो विकास लक्ष्य र चालु पन्ध्रौं योजनाले समेत विकासका राष्ट्रिय लक्ष्य तथा उद्देश्यहरु तय गरेको छ। विकासका प्रयासहरुलाई वातावरणमैत्री बनाई दिगो विकास हासिल गर्न वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७७, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, वन ऐन, २०७६, फोहरमैला व्यवस्थापन ऐन, २०६८ तथा फोहरमैला व्यवस्थापन नियमावली, २०७० तर्जुमा भई कार्यान्वयनमा रहेका छन्। साथै राष्ट्रिय वातावरण नीति, राष्ट्रिय जलवायु परिवर्तन नीति, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय नीति, दीर्घकालीन कृषि नीति, राष्ट्रिय कृषि नीति, स्थानीय पूर्वाधार विकास नीति, राष्ट्रिय ग्रामीण ऊर्जा नीति, राष्ट्रिय अनुकूलन कार्यक्रम **(NAPA)**, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय कार्ययोजना, सरसफाई गुरूयोजना समेतले वातावरणीय स्वच्छता, जलवायु परिवर्तन अनुकूलन र विपद् व्यवस्थापन सम्बन्धी कार्यहरुलाई नीतिगत मार्गदर्शन प्रदान गरेको छ। उल्लिखित संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्था अनुरुप वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन, फोहरमैला व्यवस्थापन एवम् विपद् व्यवस्थापन सम्बन्धी आधारभूत कार्य स्थानीय तहको नेतृत्व र समन्वयमा सम्पादन हुने व्यवस्था रहेको छ।

वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन, फोहरमैला व्यवस्थापन एवम् विपद् व्यवस्थापन सम्बन्धी विद्यमान संवैधानिक, कानूनी तथा नीतिगत प्रावधानहरूको प्रभावकारी कार्यान्वयनको लागी जनसहभागिता अपरिहार्य छ। स्थानीय तह मार्फत वातावरण संरक्षणलाई प्रोत्साहित गर्दै वातावरणमैत्री स्थानीय विकासको अवधारणालाई सार्थक पार्न वातावरणमैत्री स्थानीय शासनको प्रारूप, २०७८ तयार गरिएको छ। यसका साथै राष्ट्रिय अनुकुलन योजना, हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरणका लागि तयार गरिएको राष्ट्रिय निर्धारित योगदान तथा पेरिस सम्झौता, सेण्डाई खाका र दिगो विकासको लक्ष्य जस्ता अन्तर्राष्ट्रिय अभिसन्धिहरुमा लक्षित उद्देश्य हासिल गर्न समेत यस प्रारुपले पूरकको रुपमा काम गर्ने अपेक्षा गरिएको छ।

## १.२ दीर्घकालीन सोंच

वातावरणमैत्री समाजको सिर्जनाद्वारा नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई सुनिश्चित गर्ने यस प्रारुपको दीर्घकालीन सोंच रहेको छ।

## १.३ उद्देश्य

वातावरणमैत्री स्थानीय शासन पद्धतिको अवलम्बनद्वारा स्वच्छ, सुन्दर र वातावरणमैत्री समाजको सिर्जना गर्नु यस प्रारूपको मुख्य उद्देश्य रहेको छ। यसका अन्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्ः-

(क) स्थानीय योजना प्रक्रियामा वातावरण संरक्षण, आधारभूत स्वास्थ्य तथा सरसफाई, फोहरमैला व्यवस्थापन, जैविक विविधताको संरक्षण, जलवायु परिवर्तन अनुकूलन र विपद् व्यवस्थापन सम्बन्धी विषयहलाई मूलप्रवाहीकरण र स्थानीयकरण गर्नु।

(ख) जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापनका सन्दर्भमा घरपरिवार तहसम्मको काम, कर्तव्य र जिम्मेवारी तथा हासिल गर्नु पर्ने नतिजाको सम्बन्धमा स्पष्ट पार्नु।

(ग) घरपरिवार, समुदाय र स्थानीय तहहरुलाई सकारात्मक प्रतिस्पर्धाको माध्ययमद्वारा वातावरणमैत्री दिगो विकासका लागि जिम्मेवार बनाउन प्रोत्साहित गर्नु।

(घ) वातावरण संरक्षण तथा दिगो विकासका लागि सरोकारवालाहरुबीच आर्थिक एवम् प्राविधिक सहयोग तथा सहकार्यको वातावरण सिर्जना गर्नु।

## १.४ अपेक्षित उपलब्धि

वातावरणमैत्री स्थानीय शासन प्रारूप २०७८ ले अपेक्षा गरेका उपलब्धिहरू निम्न बमोजिम रहेका छनः-

(क) स्थानीय तहको योजना तथा कार्यक्रममा वातावरणमैत्री क्रियाकलापहरु समावेश भएको हुनेछ।

(ख) वातावरणमैत्री स्थानीय शासन पद्धतिको संस्थागत विकास भएको हुनेछ।

(ग) घरपरिवार तहसम्म वातावरणीय सचेतना अभिवृद्धि भएको हुनेछ।

(घ) वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी विद्यमान अवस्थामा सुधार भई उत्थानशील समुदायको निर्माण भएको हुनेछ।

## १.५ कार्यक्षेत्र

वातावरणमैत्री स्थानीय शासनका सूचकहरूलाई सबै वस्ती, वडा, गाउँपालिका र नगरपालिका तहमा कार्यान्वयन गरिनेछ। मुलुकभित्रका सबै घरपरिवार यस प्रारूपको कार्यक्षेत्र भित्र पर्ने छन्।

## १.६ सिद्धान्त

घरपरिवार तहबाट सम्पादन हुने कामको लागि सोही तहलाई आवश्यक कार्य वातावरण सहित जिम्मेवार बनाउनु पर्दछ र सो तहबाट सम्पादन हुन नसक्ने काममा मात्र माथिल्लो तह संलग्न हुनु पर्दछ भन्ने सन्निकटताको सिद्धान्तको आधारमा यो प्रारूप तयार गरिएको छ। साथै आफूले गरेको

वातावरणमैत्री स्थानीय शासन प्रारुप २०७८

प्रदूषणको नैतिक तथा वित्तीय भार प्रदूषक स्वयम्ले व्यहोर्नु पर्छ भन्ने सिद्धान्तलाई यस प्रारूपमा आत्मसात गरिएको छ।

## १.७ सूचकको वर्गीकरण

यस प्रारूपमा घरपरिवार, टोल तथा वस्ती, वडा, गाउँ एवम् नगर तहका लागि वातावरणमैत्री स्थानीय शासनका मानकका रुपमा देहायका छुट्टाछुट्टै सूचकहरुको व्यवस्था गरिएको छ:-

**(क) आधारभूत सूचकः**

घरपरिवारदेखि जिल्लासम्म अनिवार्य रूपमा पूरा गर्नु पर्ने गरी व्यवस्था गरिएका सूचकहरू आधारभूत सूचक हुन्।

**(ख) परिस्कृत सूचकः**

आधारभूत तहभन्दा माथिल्लो स्तरको सूचकहरुलाई परिस्कृत सूचकको रूपमा राखिएको छ। वातावरणमैत्री घोषणा हुनको लागि आधारभूत सूचकहरु पूरा गरी परिस्कृत सूचकमा तोकिएको अङ्कभार प्राप्त गरेको हुनु पर्नेछ।

**(ग) विशेष सूचकः**

गाउँपालिका, नगरपालिका तथा निश्चित भौगोलिक क्षेत्रमा विशेष सोंच (Vision) का साथ कुनै खास वातावरणीय विशेषतायुक्त नमूना गाउँ वा नगर घोषणा गर्ने प्रयोजनका लागि सम्बन्धित स्थानीय तहको अनुरोधमा मन्त्रालयले विशेष सूचक निर्धारण गर्न सक्नेछ। वातावरणमैत्री घोषणा हुनका लागि विशेष सूचकहरु प्राप्त गर्न अनिवार्य हुने छैन।

वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७८

# परिच्छेद दुई

# कानूनी तथा नीतिगत प्रावधान

## २.१ संवैधानिक व्यवस्था

नेपालको संविधानले स्वस्थ जीवनको सुनिश्चितताका लागि प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने एवम् वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिवापत पीडितलाई प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चितता गरेको छ। वातावरण संरक्षण र जैविक विविधतालाई स्थानीय तहको एकल अधिकारका साथै वातावरण, पर्यावरण र जैविक विविधतालाई तीनवटै शासकीय तहको साझा अधिकारमा समेत समावेश गरिएको हुँदा वातावरणमैत्री शासकीय प्रवन्धलाई उच्च प्राथमिकता प्रदान गरिएको देखिन्छ।

## २.२ विद्यमान नीति तथा योजना

राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ ले जलवायु उत्थानशील समाजको विकास गरी राष्ट्रको सामाजिक र आर्थिक समृद्धिमा योगदान पुऱ्याउने लक्ष्य लिएको छ। त्यसैगरी राष्ट्रिय वातावरण नीति, २०७६ ले दीगो विकासका लक्ष्य प्राप्तिको लागि विकासका सबै आयामहरुमा वातावरणीय चासोलाई मूलप्रवाहीकरण गर्ने एवम् प्रदूषण नियन्त्रण, फोहरमैला व्यवस्थापन, हरियाली प्रवर्द्धन गर्ने तथा वातावरण व्यवस्थापनमा सरोकारीत पक्षहरुबीच समन्वय र सहकार्य स्थापित गर्ने लक्ष्य लिएको छ। वातावरण संरक्षण बहुआयामिक र अन्तरदेशीय विषय भएको हुँदा यसको दिगो व्यवस्थापनमा सिमसार नीति, २०६९, राष्ट्रिय वन नीति, २०७५, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५, राष्ट्रिय कृषि वन नीति, २०७६ लगायतका विभिन्न सरोकारीत नीतिहरुले समेत वातावरणीय व्यवस्थापन र दिगो विकासलाई मार्गदर्शन गरेका छन्।

वातावरण संरक्षण मानव स्वास्थ्य, सुख र समृद्धिसँग जोडिएको विषय हो। यसको व्यवस्थापनलाई मुलुकले उच्च प्राथमिकतामा राखेको छ। चालु पन्ध्रौं योजनाले सफा, स्वच्छ र हरित वातावरणको दिगो सोंच राख्दै प्रदूषण नियन्त्रण, फोहरमैला व्यवस्थापन, हरियाली प्रवर्द्धन गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्ने लक्ष्य लिएको छ।

## २.३ कानूनी व्यवस्था

वातावरण व्यवस्थापन बहुक्षेत्रीय तथा बहुआयामिक विषय भएकोले यसको व्यवस्थापनमा प्रत्येक व्यक्ति, समाज, निकाय, सबै तहका सरकार र क्षेत्रको सहयोग र सहकार्य अनिवार्य शर्त हुने भएकोले यसमा धेरै अन्तर-सम्बन्धित कानूनहरु प्रत्यक्ष तथा परोक्षरुपमा सम्वद्ध रहन्छन्। विशेषगरी वातावरणमैत्री शासकीय प्रवन्धका सवालमा प्रत्यक्ष रुपमा आकर्षित भएका नेपालका कानूनहरु देहाय अनुसार उल्लेख गरिएको छः-

### (क) वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७

दिगो विकासको लागि वातावरणमैत्री पूर्वाधार विकास गर्नु अपरिहार्य रहेको सन्दर्भमा वातावरण र विकासबीच तादाम्यता कायम गर्दै वातावरणीय व्यवस्थापनमा लगानी सुनिश्चितताको कानूनी प्रवन्धसँगै

प्रदूषण नियन्त्रण, जलवायु परिवर्तन र सोको असर, राष्ट्रिय सम्पदाको संरक्षण लगायत वातावरण संरक्षण सम्बन्धी व्यवस्थाहरु वातावरण संरक्षण ऐन तथा नियमावलीमा उल्लेख छ।

### (ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

उपलव्ध स्रोत, साधन र अधिकारको प्रयोग मार्फत लोकतन्त्रका लाभ एवम् विकासका प्रतिफलहरुको समन्यायिक वितरण गर्दै नागरिकमाझ राज्यको उपस्थितिको अनुभूति गराउने, समाजमा शान्ति सुरक्षा, अमनचयन, न्याय नैतिकता र सामाजिक न्यायको प्रवर्द्धनमा योगदान पुऱ्याउने, विकासका गतिविधिमा नागरिक दायित्व, अधिकार र कर्तव्यको लोकतान्त्रिक अभ्यासद्वारा नेतृत्व र स्वामित्व स्थापित गर्दै उत्तरदायी सरकारको परिकल्पनालाई साकार पार्ने बृहत् उद्धेश्यसहित आएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय स्तरमा आर्थिक विकास, सामाजिक रुपान्तरण, पूर्वाधार निर्माण, जीविकोपार्जनका गतिविधिसँगै नागरिक सहभागितामा पर्यावरणीय संरक्षणमा समेत जोड दिएको छ।

### (ग) फोहरमैला व्यवस्थापन ऐन, २०६८ तथा फोहरमैला व्यवस्थापन नियमावली, २०७०

फोहरमैला सङ्कलन, प्रशोधन तथा व्यवस्थापनको समग्र विधि, प्रक्रिया र जिम्मेवारी लगायत संरचनागत प्रवन्ध र दायित्व समेतको व्यवस्था फोहरमैला व्यवस्थापन ऐन तथा नियमावलीले गरेको छ।

त्यसै गरी भवन ऐन, २०५५ तथा भवन नियमावली, २०६६, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमाली, २०७६, नगर विकास ऐन, २०४५, राष्ट्रिय शहरी नीति, २०६४, राष्ट्रिय भवन संहिता, २०६० तथा भवन निर्माण सम्बन्धी मापदण्ड जस्ता कानूनी र नीतिगत व्यवस्थाले पनि वातावरण र विपद् व्यवस्थापनको सन्दर्भमा मार्गदर्शन गरेका छन्। स्थानीय तहलाई कानूनी तथा नीतिगत सहजीकरणका लागि मन्त्रालयद्वारा प्रेषित विभिन्न नमुना कानून तथा कार्यविधिहरुले समेत स्थानीय तहमा वातावरण तथा जैविक विविधता संरक्षण, जलवायु परिवर्तन अनुकूलन, फोहरमैला व्यवस्थापन र विपद् व्यवस्थापनमा मार्गदर्शन तथा सहजीकरण गरेका छन्।

माथि उल्लिखित कानूनी प्रावधानहरु बाहेक वातावरण संरक्षण एवम् पर्यावरणीय प्रवर्द्धनमा परोक्ष रुपमा थुप्रै कानूनहरु सम्बन्धित रहेका छन्। विशिष्ट उद्देश्य प्राप्तिका लागि निर्माण भएका कानूनहरुले मानव स्वास्थ्य, सचेतनामूलक शिक्षा, जागरण, औद्योगिक गतिविधि सञ्चालन, पूर्वाधार विकास, हरियाली प्रवर्द्धन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन, खाद्य सुरक्षा, पोषण, प्रदूषण नियन्त्रण, कार्बन क्षतिपूर्ति जस्ता क्षेत्रका कानूनहरु समेतलाई मध्यनजर गर्नु पर्ने हुन्छ।

## २.४ अन्तर्राष्ट्रिय सन्धी सम्झौता

### (क) दिगो विकास लक्ष्य

संयुक्त राष्ट्रसङ्घीय महासभाले सदस्य राष्ट्रहरुको सहभागितामा विश्व विकासको बहुप्रतिक्षित महत्वाकांक्षी लक्ष्य समावेश भएको **दिगो विकास लक्ष्य २०१६-२०३०** पारित गरी लागू गरेको छ। आर्थिक, सामाजिक र पर्यावरणीय पक्षलाई जोड दिई पृथ्वीमा रहेका प्राकृतिक साधनस्रोत र वातावरण भावी पुस्ताका लागि संरक्षण गर्ने अभिभारा सहित पृथ्वी, मानव, शान्ति, समृद्धि र साझेदारीलाई दिगो विकास लक्ष्य प्राप्तिको पाँच खम्बाको रुपमा लिएको छ। विकासका आयामहरुमा कसैलाई पनि पछाडी नछोड्ने प्रतिवद्धता अनुरुप नेपालले चौंधौं आवधिक योजनादेखि नै यसका लक्ष्यहरुलाई आन्तरिकीकरण र स्थानीयकरण गर्दै आइरहेको छ।

### (ख) पेरिस सम्झौता

संयुक्त राष्ट्रसङ्घका अधिकांश सदस्य राष्ट्रहरु फ्रान्सको पेरिसमा जलवायु परिवर्तन सम्बन्धी सम्मेलनमा सहभागी भई गरेको सम्झौताले जलवायु परिवर्तनको बदलिँदो अवस्थालाई मध्यनजर गरी त्यसको व्यवस्थापनका लागि पक्ष राष्ट्रहरुको दायित्व एवम् विकसित राष्ट्रहरुले विकासशील मुलुकहरुलाई आवश्यक सहयोग गर्नु पर्ने व्यवस्था गरेको छ।

### (ग) सेन्ढाई कार्यढाँचा

जापानको सेण्ढाईमा सन् २०१५ मा आयोजित विपद् जोखिम न्यूनीकरणका लागि तेस्रो संयुक्त राष्ट्रसङ्घीय विश्व सम्मेलनमा दिगो विकासको सन्दर्भमा गरिबी निवारण, विपद् जोखिम न्यूनीकरण र उत्थानशीलता अभिवृद्धिका विषयलाई सबै तहका नीति, योजना, कार्यक्रम र बजेट विनियोजनमा उपयुक्तता हेरी एकीकृत रूपमा समायोजन गर्ने प्रतिबद्धता सहित अनुमोदन भएको **"विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचा सन् २०१५–२०३०"** मा विपद् जोखिम न्यूनीकरणका लागि मौजुदा जोखिम घटाउने र नयाँ जोखिमको रोकथाम र उत्थानशीलताको सवलीकरण, निर्देशक सिद्धान्तको विकास, राज्यको प्राथमिक उत्तरदायित्व सहितको विपद् जोखिम न्यूनीकरण जस्ता कार्यमा समाजका सबै वर्ग र राज्यका सम्पूर्ण निकायको संलग्नता रहनु पर्ने कुरालाई जोड दिएको छ। यसका साथै विपद् जोखिम न्यूनीकरणको कार्य क्षेत्र प्राकृतिक तथा मानव निर्मित प्रकोप र वातावरणसँग सम्बन्धित प्रविधि, जैविक प्रकोप र त्यसबाट उत्पन्न जोखिमलाई समेत समेट्ने गरी विस्तारित गरिएको छ।

वातावरणमैत्री स्थानीय शासन प्रारुप २०७८

# परिच्छेद तीन

# नगरपालिकाका लागि वातावरणमैत्री स्थानीय शासनका सूचकहरू

नगरपालिकाका लागि घरपरिवार तह, टोल तह, वडा तह र नगरपालिका तह गरी वातावरणमैत्री स्थानीय शासनका चार तहका सूचकहरु पहिचान गरिएको छ। जसलाई देहाय बमोजिम उल्लेख गरिएको छः-

## ३.१ घरपरिवार तह

### (क) आधारभूत सूचक

नगरपालिकाको लागि घरपरिवार तहका आधारभूत सूचकहरु देहाय बमोजिम रहेका छन्ः

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | **क) सरसफाई र स्वास्थ्य** | | | |
| १. आधारभुत सरसफाई तथा घर भित्रको फोहरको उचित व्यवस्थापन | १. शौचालयको व्यवस्था, त्यसको उचित प्रयोग भएको।<br>२. व्यक्तिगत सरसफाईमा ध्यान दिएको।<br>३. आफ्नो घर भित्रको फोहर सड्ने र नसड्ने वर्गीकरण गरी सड्नेलाई आफैं वा समूह बनाई मल बनाउने गरेको।<br>४. नसड्ने फोहरलाई नगरपालिकाले तोके बमोजिम उचित व्यवस्थापन गरेको।<br>५. नेपाल सरकारले तोकेको भन्दा कम गुणस्तरको प्लास्टिक झोला प्रयोग नगरेको।<br>६. घर पालुवा जनावर, कुकुर आदिलाई घर क्षेत्र बाहिर खुला रुपमा दिसा गराउने नगरेको र गराएमा आफैंले उठाएर आफ्नो घर परिसरमा लगि व्यवस्थित गर्ने गरेको। | | | |
| | **ख) स्वच्छ ऊर्जाको प्रयोग** | | | |
| १. उर्जाको उपयोग | १. घरभित्र उर्जा खपत कम गर्ने चिमको प्रयोग भएको,<br>२. स्वच्छ वैकल्पिक उर्जा (जस्तैः बायोग्यास, सोलार)को प्रयोग गरिएको।<br>३. खाना पकाउन दाउरा प्रयोग गरेको अवस्थामा धुवाँरहित सुधारिएको चुल्हो प्रयोग गरेको। | | | |
| | **ग) हरियाली / शहरी सौन्दर्य** | | | |
| १. हरियाली तथा शहरी सौन्दर्य प्रवर्द्धन | १. घर कम्पाउण्डमा फलफूल तथा विभिन्न प्रजातीको बोटबिरुवाहरु भएको,<br>२. घर कम्पाउण्डमा बिरुवा रोप्ने ठाउँ नभएको अवस्थामा छाना/छतमा बोटविरुवा भएको वा कौशी खेती गरेको। | | | |

वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७८

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | **घ) खानेपानी** | | | |
| १. वर्षातको पानीको सङ्कलन तथा भण्डारण | वर्षातमा घर-कम्पाउण्डभित्र परेको पानी सङ्कलन/भण्डारण (Rain Water Harvesting) गर्ने व्यवस्था मिलाएको वा आफ्नै घर-कम्पाउण्डमा जमिनभित्र जाने (Water Recharge) व्यवस्था गरिएको | | | |
| २. पिउने पानी | पिउने पानीका लागि शुद्धिकरणका उपायहरुको अवलम्बन गरिएको | | | |

**(ख) परिस्कृत सूचक**

नगरपालिकाको घरपरिवार तहका लागि परिस्कृत सूचकहरु देहाय बमोजिम रहेका छन्:

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| | **क) सरसफाई र स्वास्थ्य** | | | |
| १. ढलको उचित व्यवस्थापन | घरमा सेप्टिक ट्याङ्कीको व्यवस्था गरी सञ्चालनमा रहेको। (ढलको प्रशोधन गरेर मात्र अन्तिम निकास गर्ने गरेको) | | | * |
| २. घर-आँगन बाहिर सडकको सरसफाई स्थिति | आफ्नो घर-आँगन बाहिरको सडक वा बाटो सफा राख्ने गरेको | | | * |
| ३. प्लाष्टिक झोलाको नियन्त्रण | प्लाष्टिक झोला प्रयोग नगरी त्यसको विकल्पमा जुट, कपडा वा कागजका झोला प्रयोग गर्ने गरेको | | | * |
| | **ख) स्वच्छ ऊर्जाको प्रयोग** | | | |
| १. स्वच्छ ऊर्जाको उपयोग, | विद्युत सेवा पुगेका घरमा खाना पकाउन विद्युतीय उर्जाको प्रयोग गरेको र विद्युत आपूर्ति नपुगेको घर वा विद्युत आपुर्ति नहुने समयमा विकल्पको रुपमा सौर्य ऊर्जा वा अन्य नविकरणीय उर्जा प्रयोग गर्ने गरेको। | | | * |
| | **ग) हरियाली तथा शहरी सौन्दर्य** | | | |
| १. घर-परिसरमा खुला ठाउँको व्यवस्थापन | घर बनाउँदा नगरपालिकाले निर्धारण गरे बमोजिमको जमीनको क्षेत्रफल खाली राखेको | | | * |
| २. शहरी सौन्दर्य | घर अगाडि विभिन्न जातको फूल रोपेको (घर अगाडि स्थान उपलब्ध नभएमा कौशी, बरण्डा वा उपयुक्त स्थानमा सुरक्षित तरिकाले गमलामा फूल रोप्न सकिने) | | | ** |
| | **घ) भवन निर्माण संहिताको पालना** | | | |
| १. सुरक्षित भवन निर्माण | १. घर निर्माण गर्दा भवन निर्माण संहिताको पालना गरी भुकम्प प्रतिरोधी प्रविधि अवलम्बन गरेको,<br>२. भवन निर्माण संहिता पालना नगरी बनाएको घरको प्रवलीकरण (Retrofitting) गरेको | | | * |

## ३.२ टोल तह

### (क) आधारभूत सूचक

नगरपालिकाको लागि टोल तहका आधारभूत सूचकहरु देहाय बमोजिम रहेका छन:

(अ) टोल विकास संस्था / टोल सुधार समिति

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | क) संस्थागत व्यवस्था, सरसफाई र सुन्दरता | | | |
| १. टोल सुधार/ टोल विकास समिति | स्थानीय टोल समुदायमा त्यहाँका असी प्रतिशत वा सोभन्दा बढी घर-परिवार सँलग्न भएको टोल सुधार/टोल विकास समिति गठन भएको। | | | टोल विकास समिति दर्ता प्रमाणपत्र र सदस्यता देखिने दस्तावेज |
| २. टोल सरसफाई अभियान | १. कम्तिमा महिनाको एक पटक नियमित रुपमा आफ्नो टोल समुदायको क्षेत्रभित्र सामूहिक रुपमा सरसफाई अभियान सञ्चालन गर्ने गरेको।<br>२. घरबाट बाहिर निष्काशन गरिने फोहर सडक, पेटी र सार्वजनिक स्थलमा जम्मा नगरी सिधै सङ्कलन गर्न आउने सवारी साधनमा राख्ने गरेको वा नगरपालिकाले तोके बमोजिम व्यवस्थापन गरेको। | | | टोल क्षेत्रमा सरसफाई (घरेलु फोहर, झारपात, प्लाष्टिक आदि तह लगाएको अवस्था) |
| ३. टोल सुधार/ टोल विकास समितिको वातावरणीय सुशासन प्रवर्द्धन सम्बन्धी कार्यहरु | १. संस्थाको मासिक बैठक र बार्षिक साधारण सभामा स्थानीय वातावरण संरक्षण सम्बन्धी छलफल तथा निर्णय गर्ने गरेको।<br>२. विभिन्न अवसर पारी वातावरण संरक्षणका विविध कार्यक्रमहरुको आयोजना गर्ने गरेको। | | | निर्णय पुस्तिका अध्ययन गर्ने |

### (ख) परिस्कृत सूचक

नगरपालिकाको लागि टोल तहका परिस्कृत सूचक देहाय बमोजिम रहेका छन:

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| १. सार्वजनिक क्षेत्रको सरसफाई | आफ्नो टोलभित्रका सार्वजनिक क्षेत्र (जस्तैः मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्च, सडक, पार्क, नाला, गल्ली, फुटपाथ, खोला, नदी, बगर, नहर, वन तथा चौर आदि) मा फोहर फाल्न प्रतिबन्ध गरेको। | | | *<br>निर्णय पुस्तिका तथा सूचना पाटी |
| २. टोलमा हरियाली प्रवर्द्धन | टोलका विभिन्न स्थानमा नगरपालिकाले तोके बमोजिमका वा उपयूक्त प्रजाति र परिमाणका रुख बिरुवा लगाई हरियाली प्रवर्द्धन गरेको। | | | ** |
| ३. ध्वनी प्रदूषण नियन्त्रण | टोलबासीको स्वास्थ्यमा प्रतिकुल असर गर्न सक्ने किसिमको ध्वनीको असर न्यूनीकरणका उपाय अवलम्बन गर्ने व्यवस्था गरेको। | | | ** |

## ३.३ वडा तह

**(क) आधारभूत सूचकः**

नगरपालिकामा वडा तह वातावरणमैत्री हुनका लागि वडाभित्रका सबै टोल/बस्तीहरु वातावरणमैत्री भएको हुनु पर्नेछ। यसका अलावा नगरपालिकाको वडा तहका लागि आधारभूत सूचकहरु देहाय बमोजिम तय गरिएको छः

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | **क) खानेपानी तथा सरसफाई** | | | |
| १. खानेपानीका मुहान तथा स्रोतको संरक्षण | १. वडामा भएका सबै खानेपानीका श्रोतहरुको लगत राखी संरक्षण गरिएको र सबै पानीका श्रोतहरुको गुणस्तर परीक्षण गरिएको<br>२. पानी सुरक्षा सम्बन्धी तालिमहरु सञ्चालन गरेको र वडाबासीलाई भूमिगत जलस्रोतको पुनर्भरण एवं बहुउपयोगिताको निम्ति आकाशे पानी सङ्कलन र प्रयोगलाई प्रोत्साहन गर्न नीति तथा कार्यक्रम तर्जुमा गरी लागु गरेको | | | |
| २. फोहरमैला व्यवस्थापन | १. घर-घर बाट संकलित फोहर नगरपालिकाबाट तोकिएको स्थानमा विसर्जन गर्ने गरिएको<br>२. वडा परिसरमा प्लाष्टिक झोलाको प्रयोगलाई कम गर्न बैकल्पिक उपायहरुको विकास र त्यसको प्रयोग गरिएको | | | |
| ३. ताल, पोखरी तथा सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन | टोल तथा वडाभित्रका सबै ताल, पोखरी तथा सिमसार क्षेत्रको लगत कायम गरी सबै ताल, पोखरी तथा सिमसार क्षेत्रको संरक्षणका लागि समिति गठन गरी संरक्षण कार्यक्रम सञ्चालन गरिएको | | | |
| | **ख) जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन** | | | |
| १. विपद् व्यवस्थापन सम्बन्धी आधारभूत क्षमता, विस्तृत अध्ययन तथा आपत्कालीन सुरक्षित क्षेत्र | १. जलवायु परिवर्तन सम्बन्धी आधारभूत ज्ञान सिप तथा क्षमताको विकासका लागि समुदाय तहमा अनुशिक्षण कार्यक्रम सञ्चालन भएको।<br>२. वडागत रुपमा विपद्जोखिम संकटासन्नता तथा क्षमता मुल्याङ्कन गरी प्रतिवेदन तयार भएको।<br>३. विपदको अवस्थामा तत्काल उद्धारका लागि सुरक्षित स्थल (खुला क्षेत्र) निर्धारण गरी सोको संकेत प्रयोग गरिएको।<br>४. विपद् जोखिम न्यूनीकरणको लागि वडास्तरीय स्वयम्सेवकहरुको समूह बनाई परिचालन गरेको। | | | |
| | **ग) वन तथा भू-संरक्षण** | | | |
| १. वन संरक्षण तथा दिगो व्यवस्थापन | वडाको भूगोल भित्र रहेको वनको विस्तृत लगत राखेको र वडा भित्र क्रियाशील वन उपभोक्ता समितिसँग सहकार्य गरेको। | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| २. पर्ती जमिनको व्यवस्थापन तथा हरियाली प्रवर्द्धन | पर्ती वा सरकारी वा सार्वजनिक जग्गाको नक्सा/विवरण सहितको लगत राखिएको र त्यस्ता जग्गामा वृक्षरोपण गरी संरक्षण गरेको। | | | |

**(ख) परिस्कृत सूचक**

वडा तहको लागि परिस्कृत सूचकहरु देहाय बमोजिम रहेका छन:

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| | **क) सडक नाला व्यवस्थापन** | | | |
| १. सडक नालाको व्यवस्थापन | १. वडाका सबै सडकहरुमा बर्षात्को पानी निकास हुने कुलेसो वा नाली भएको<br>२. सडकको दायाँ बायाँ रहेको नाली नियमित सफा गरिएको<br>३. सडक किनारामा रहेका विजुलीको पोल तथा तार व्यवस्थित भएको। | | | * |
| | **ख) कृषि** | | | |
| १. प्राङ्गारिक विधिको कृषिलाई प्रोत्साहन | वडाका कृषकहरुलाई वाली विविधिकरण, कृषि जैविक विविधता संरक्षण, एकीकृत शत्रुजीव व्यवस्थापन र प्राङ्गारिक विधिमा आधारित खेती बारे तालिम प्रदान गरेको। | | | ** वडाभित्र रहेका व्यावसायिक कृषकको लगत।<br>कृषकहरु मध्ये उल्लेखित तालिम प्राप्त गर्ने कृषकहरुको विवरण। |
| २. प्राङ्गारिक खेती प्रणाली प्रवर्द्धन कार्यक्रम | | | | |
| ३. प्राङ्गारिक खेती प्रणालीको अवलम्बन | १. वडाका तालिम प्राप्त व्यावसायिक कृषकहरुले जैविक, वनस्पतिजन्य विषादीको प्रयोग गरी खेतीपाती गरेको<br>२. वडाका सबै कृषकहरुले प्राङ्गारिक मलको प्रयोग गर्ने गरेको | | | *** सहभागितात्मक लेखाजोखा, सहकारी संस्थाहरुमा रहेका विवरण, कृषि सेवाकेन्द्र/उपकेन्द्रमा रहेको विवरण। |
| | **ग) जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन** | | | |
| १. वडा विपद तथा जलवायु उत्थानशील समिति गठन र क्षमता विकास | १. वडास्तरमा सामुदायिक विपद् तथा जलवायु उत्थानशील समिति गठन भएको।<br>२. वडामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा स्थानीय युवाक्लब, आमा समूह, वन उपभोक्ता समिति, टोल विकास/टोल सुधार समिति जस्ता सामाजिक सङ्घ संस्थाका प्रतिनिधिहरुलाई समेटी जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण विषयमा सचेतना कार्यक्रम सञ्चालन | | | *** वडा कार्यालयमा रहेको तालिम सम्बन्धी विवरण। |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| | गरेको र वडाका कम्तीमा दश प्रतिशत घरपरिवारका सदस्यहरुलाई जलवायु परिवर्तन तथा विपद् जोखिमबारे तालिम दिइएको।<br>३. विपद् प्रतिकार्यको लागि वडास्तरीय स्वयंसेवकहरुको समूह बनाई तालिम दिइएको र आवश्यकता अनुसार परिचालन गरेको | | | |
| **घ) वन तथा भू-संरक्षण** | | | | |
| १. वन संरक्षण तथा व्यवस्थापन | वडाको भूगोल भित्र रहेको वनको विस्तृत लगत राखेको र वडा भित्र क्रियाशील वन उपभोक्ता संस्था तथा सम्बन्धीत वन कार्यालयको सहकार्यमा दिगो वन व्यस्थापनको कार्यक्रम सञ्चालन गरेको | | | *****<br>(वन नभएको वडामा यस सूचक लागु हुने छैन) |
| २. पर्ती वा सार्वजनिक वा सरकारी जग्गामा वृक्षारोपण तथा उद्यान व्यवस्थापन | १. वडा क्षेत्रको हालको पर्ती वा सार्वजनिक वा सरकारी जग्गामा बार्षिक रुपमा रुख/डाले घाँस/फलफूलका बिरुवा रोपी हुर्काएको<br>२. वडाभित्रको सबै सरकारी तथा सार्वजनिक जग्गाको नक्सा र लगत सहितको विवरण राखिएको<br>३. वडाभित्रका पर्ती, ऐलानी र सार्वजनिक जग्गामा बाल क्रिडास्थल, उद्यान वा खेलकूद स्थान वा जेष्ठ नागरिक विश्राम स्थलको व्यवस्था गरिएको। | | | ***** |
| **ङ) प्रदूषण रोकथाम तथा नियन्त्रण** | | | | |
| १. प्रदूषण गर्नेलाई दण्डको व्यवस्था | वडा भित्रका घर, उद्योग तथा अन्य व्यवसायहरुबाट निश्काशन हुने अत्याधिक ध्वनी, धुवाँ, धूलो आदि व्यवस्थित गर्न टोल विकास समितिको सिफारिसको आधारमा नेपाल सरकारबाट तय गरिएको सिमा उल्लंघन गर्ने व्यक्ति, उद्योग वा सँस्थालाई कारवाहीको लागि नगरपालिका तथा जिल्ला प्रशासन समक्ष सिफारिस साथ पठाइएको | | | * |

## ३.४ नगरपालिका तह

### (क) आधारभूत सूचक

वातावरणमैत्री नगरपालिका हुनका लागि नगरपालिका भित्रका सबै टोल र वस्तीहरु वातावरणभैत्री भएको हुनु पर्नेछ। यसका अलावा नगरपालिकाका लागि देहायका आधारभूत सूचकहरु तय गरिएको छः

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| **क) खानेपानी, सरसफाई तथा फोहरमैला व्यवस्थापन** | | | | |
| १. खानेपानीको रणनीतिक योजना (Strategic Plan) निर्माण | स्वच्छ खानेपानी आवश्यकता पूरा गर्ने गरी रणनीतिक कार्ययोजना नगर सभाबाट स्वीकृत भएको। | | | स्वीकृत रणनीतिक योजना दस्तावेज |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| २. फोहरमैला केन्द्रको स्थापना | १. सड्ने र नसड्ने फोहरको वर्गीकरण गर्ने गरी फोहरमैला केन्द्रको आवश्यक व्यवस्था गरेको<br>२. सड्ने फोहरबाट प्राङ्गारिक मल बनाउन प्रोत्साहन गर्नको लागि कम्पोष्ट बीनको वितरण भएको<br>३. फोहरमैलाको दिगो व्यवस्थापनको लागि व्यवस्थित ल्याण्डफिल साइट वा एकीकृत फोहरमैला व्यवस्थापनको अभ्यास गरेको | | | फोहरमैला केन्द्रको लागि छुट्याइएको जग्गाको लगत र क्षेत्रफल, सञ्चालन मिति तथा नगरपालिकाको निर्णय। |
| ३. सार्वजनिक स्थानमा शौचालयको व्यवस्था | १. बसपार्क, पेट्रोल पम्प, पर्यटकीय क्षेत्र तथा साँस्कृतिक सम्पदा, पार्क तथा उद्यान र मुख्य हाटबजार स्थलमा बालबालिका, लैङ्गीक तथा अपाङ्गमैत्री सार्वजनिक शौचालयहरूको व्यवस्था भएको | | | |
| ४. प्लाष्टिक झोला प्रयोगमा प्रतिबन्ध | १. नेपाल सरकारले तोकेको गुणस्तरभन्दा कम गुणस्तरको प्लाष्टिक झोला प्रयोगमा बन्देज गरिएको<br>२. प्लाष्टिकको झोलाको विकल्पमा वातावरणमैत्री झोला उत्पादन गर्न प्रोत्साहित गरिएको र उत्पादित झोलाको बजारीकरण भएको | | | |
| **ख) जलवायु परिवर्तन अनुकुलन तथा विपद् व्यवस्थापन** | | | | |
| १. विपद् व्यवस्थापन समितिको सक्रियता र कोष व्यवस्थापन | १. नगरस्तरमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति गठनगरिएको<br>२. स्थानीय विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकुलन सम्बन्धी कानून पारित गरिएको<br>३. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा भई नगर सभाबाट स्वीकृत गरिएको<br>४. योजना कार्यान्वयनको लागि नगरपालिकाले जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, विषयगत कार्यालय, नेपाल रेडक्रस सोसाइटी, नीजि क्षेत्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा दातृ निकाय समेतको समन्वय र सहयोगमा बजेटको व्यवस्था तथा परिचालन गरेको<br>४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलनमा उचित ज्ञान सिप र क्षमता सहितको महाशाखा/शाखा/ईकाइ तथा कर्मचारीको व्यवस्था भएको | | | |
| २. भवन संहिताको पालना | १. नगरक्षेत्रमा भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिता अनुकुल स्थानीय भवन संहिता र मापदण्ड तयार भएको<br>२. भवन निर्माण गर्दा भवन निर्माण संहिता र मापदण्ड अनिवार्य गर्ने गरिएको<br>३. नक्सा पास सम्बन्धी स्थानीय मापदण्डलाई भवन निर्माण संहितासँग आबद्ध गरिएको | | | |

वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७८

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | **ग) वन तथा भू-संरक्षण, जैविक विविधता र हरियाली** | | | |
| १. हरियाली प्रवर्द्धन तथा पार्कको सञ्चालन | १. नगरको सडक क्षेत्र, सरकारी तथा सार्वजनिक जग्गाको पहिचान गरि वृक्षरोपण गरिएको<br>२. नगरभित्र भएका वनको क्षेत्रगत लगत राखी विभिन्न समुदायस्तरीय वा नगरस्तरीय समिति मार्फत त्यसको उचित संरक्षण गरेको र आवश्यकता अनुसार सम्बन्धित वन कार्यालयसँग समन्वय गरेको<br>३. नगरबासीलाई पायक पर्ने स्थानमा जेष्ठ नागरिक विश्राम स्थल, मनोरञ्जन पार्क वा उद्यान निर्माण गरी सञ्चालनमा ल्याइएको। | | | |

**(ख) परिस्कृत सूचक**

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| | **क) फोहरमैला व्यवस्थापन तथा नगर सरसफाई** | | | |
| १. फोहरमैला सङ्कलन तथा त्यसको उचित व्यवस्थापन | १. आफ्नै वा अन्य गाउँपालिका वा नगरपालिका सँगको सहकार्यमा पुनः प्रयोग गर्न नमिल्ने फोहरलाई आवश्यकता अनुसार फोहर विसर्जन क्षेत्र (Landfill Site) मा व्यस्थापन गर्ने गरिएको र स्वास्थ्य सँस्थाबाट निश्काशन हुने हानिकारक फोहरको व्यवस्थापन हानिकारक फोहर विसर्जन क्षेत्र (Hazardous Waste Landfill Site) मा व्यवस्थापन गर्ने गरेको।<br>२. नगर क्षेत्रभित्र फोहरमैला सङ्कलन गर्ने प्रणालीलाई प्रभावकारी बनाउँदै सिमसार क्षेत्र, धार्मिक स्थल, सडक तथा नदि किनारामा फोहर फाल्न र जलाउन प्रतिबन्ध लगाएको। | | | *** |
| २. ढल प्रशोधन सम्बन्धी व्यवस्था | ढललाई जैविक वा इन्जिनियरिङ्ग प्रविधिबाट प्रशोधन गरिएपछि मात्र अन्तिम निष्काशन गर्ने गरिएको,(सबै घरहरूमा सेप्टी ट्याङ्की अनिवार्य गरिएको अवस्थामा यो सूचक निष्क्रिय हुनेछ) | | | * |
| | **ख) कृषि** | | | |
| १. वाली विविधिकरण तथा जलवायु मैत्री एकिकृत कृषि प्रणालीको विकास | १. कृषि उत्पादन वृद्धिको लागि जलवायु मैत्री एकिकृत कृषि प्रणालीको विकास गर्दै बाली पोषकतत्व र एकिकृत कीट (शत्रुजीव) व्यवस्थापन कार्य भएको<br>२. सुख्खा तथा बढि पानी जम्ने क्षेत्रहरुको निम्ति उपयुक्त हुने बालिहरुको पहिचान तथा प्रबर्धनको लागि सम्बन्धित निकायसँग सहकार्य गर्ने गरेको<br>३. कृषि पेशालाई प्रोत्साहन नगरक्षेत्र भित्र विभिन्न कार्यक्रमहरुको सञ्चालन गरेको | | | ** |

वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७८

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| | **ग) नविकरणीय उर्जा** | | | |
| १. नवीकरणीय उर्जा उत्पादन, उपयोग तथाउर्जा किफायती प्रविधिको विकास | १. नगरभित्र उत्सर्जीत फोहरबाट बायोग्यास उत्पादन गर्न नगरपालिका आफैले सुरु गरेको वा नगरपालिकाबाट आर्थिक तथा प्राविधिक सहयोग भएको<br>२. नगर भित्रका सबै मूल सडकहरू तथा अन्य सार्वजनिक स्थानहरुमा सडक बत्तीको व्यवस्था गरेको र सम्भव भएसम्म सोलार बत्तीको प्रयोग भएको | | | * |
| २. वैकल्पिक उर्जाको रुपमा सौर्य उर्जाको प्रयोग | नगरपालिका भित्रका सम्पूर्ण सार्वजनिक सेवाका कार्यालय, विद्यालय तथा सडक क्षेत्रमा वैकल्पिक उर्जाको रुपमा सौर्य उर्जाको प्रयोग भएको र नेपाल सरकारबाट सौर्य उर्जा प्रयोगको प्रोत्साहनको लागि तोके बमोजिमको सहुलियत नगर सभाबाट पारित भई कार्यान्वयनमा आएको | | | * |
| | **घ) जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन** | | | |
| १. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन | १. जलवायु परिवर्तन तथा विपद् जोखिमका दृष्टिले बढी संवेदनशिल स्थानहरू र प्राकृतिक तथा सांस्कृतिक सम्पदाको पहिचान गरी वडागत नक्साङ्कन गरिएको<br>२. जोखिम पहिचान गरिएका ठाउँहरुमापूर्वाधार निर्माणमा रोक लगायएको।<br>३. बहुक्षेत्र जोखिमको पूर्वतयारी गरिएको ।<br>४. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना अनुरुप वार्षिक कार्यक्रम स्वीकृत गरी कार्यान्वयनमा ल्याएको | | | **** |
| २. जलवायु परिवर्तन, वातावरण तथा विपद् व्यवस्थापन हेर्ने संस्थागत संरचनाको व्यवस्था | जलवायु परिवर्तन, वातावरण तथा विपद व्यवस्थापनका लागि नगरपालिकामा महाशाखा/ शाखा/इकाईको स्थापना भई कार्यान्वयनमा आएको | | | ** |
| ३. खोज तथा अनुसन्धान | नेपाल सरकार, प्रदेश सरकार तथा सम्बन्धित निकायको सहयोग तथा सहकार्यमा जलवायू परिवर्तनको विषयगत क्षेत्रहरुमा आधारित खोज, अनुसन्धान तथा तथ्याङ्कको अद्यावधिक गरेको | | | |
| | **ङ) प्लाष्टिक झोला व्यवस्थापन** | | | |
| १. प्लाष्टिक झोला सङ्कलन तथा व्यवस्थापन | १. प्लाष्टिक झोला सङ्कलन, पुनः प्रयोग तथा व्यवस्थापन गर्ने कार्यका लागि वडाका सवै टोलहरु समेट्ने गरी तालिम दिइएको र सोहि अनुसार काम भएको<br>२. नेपाल सरकारले तोकेको मापदण्ड वाहेकका प्लाष्टिक झोलालाई नगर क्षेत्रभित्र प्रयोगमा निषेध गरिएको र | | | |

वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७८

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| | त्यसको विकल्पमा कपडाको झोलाको प्रयोग भएको | | | |
| **च) वातावरणीय शिक्षा** | | | | |
| १. समुदाय तथा विद्यालयमा वातावरणीय शिक्षा | १. विद्यालयको वार्षिक कार्यतालिकामा महिनामा कम्तीमा एकपटक वातावरण सम्बन्धी अतिरिक्त क्रियाकलाप गर्ने गरी व्यवस्था भएको<br>२. नगरपालिका आफैं वा सरोकारवालाहरुको सहकार्यमा वातावरण सम्बन्धी जनचेतनामुलक कार्यक्रमहरु गरेको | | | ** |
| **छ) वन, भू-संरक्षण, जैविक विविधता र हरियाली** | | | | |
| १ वन संरक्षण तथा हरियाली प्रर्वधन | १. नगर क्षेत्र भित्र रहेका वनको उचित संरक्षण तथा त्यसको दिगो व्यवस्थापनको लागि आवश्यक नीति निर्माण भएको<br>२. सडक किनारा वा पैदल मार्गमा टोल/बस्तीलाई परिचालन गरी उपयुक्त प्रजातिका बोटबिरुवा तथा बहुवर्षीय फूलहरु लगाएको<br>३. सार्वजनिक, पर्ती जग्गा, नदीनाला किनाराहरू, खोला उकासको क्षेत्रफलमध्ये वार्षिक दश प्रतिशतका दरले वृक्षरोपण गरी संरक्षण गरेको।<br>४. भू-क्षय, पहिरो तथा बाढीको जोखिमयुक्त स्थानहरूको पहिचानका आधारमा संरक्षणका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरेको। | | | *********<br>सम्बन्धित कार्यका लागि बजेट एवं कार्यक्रम स्वीकृत गरेको, वृक्षरोपण गरिएको क्षेत्रको अवलोकन |
| २. जैविक विविधताको संरक्षण | १. शहरी वनलाई जैविक विविधतामैत्री संरक्षण र सम्वर्द्धनको लागि नीति र कार्ययोजना बनाई कार्यान्वयन गरेको।<br>२. नगरक्षेत्रमा कम्तीमा एउटा जैविक विविधतायुक्त पार्क सञ्चालनमा रहेको। | | | |
| **ज) भू-उपयोग तथा शहरी बसोबास** | | | | |
| १. जोखिम संवेदनशिल भूउपयोग योजना | १. नेपाल सरकारको नीति अनुरुप नगरको जोखिम संवेदनशिल भूउपयोग योजना तयार गरिएको।<br>२. प्राकृतिक स्रोतको दिगो र एकीकृत व्यवस्थापनका लागि भौतिक पूर्वाधारको निर्माण गर्दा वातावरणमैत्री संरचना निमार्णलाई प्राथमिकता दिने गरेको।<br>३. नगपालिकाभित्र सञ्चालन हुने आयोजनाहरुको वातावरणीय अध्ययन गर्ने गरेको। | | | ***** |
| २. सडक मापदण्ड निर्धारण र कार्यान्वयन | १. नगरभित्रका सबै सडकको मापदण्ड निर्धारण गरिएको<br>२. सडक मापदण्ड विपरित निर्माण भएका संरचना नियमित रूपमा भत्काउने गरिएको<br>३. नगरका मुख्य सडकहरुमा साईकल लेनको व्यवस्था भएको। | | | ***** |

वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७८

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| ३. शहरी बसोवास | १. सहरी योजना, बस्ती विकास र पूर्वाधार निर्माणका लागि आधारभूत मापदण्ड निर्धारण गरिएको। <br> २. सहरी योजना, बस्ती विकास र पूर्वाधार निर्माणका लागि आधारभूत मापदण्ड कार्यान्वयन गरेको। | | | ***** |
| **झ) प्रदूषण रोकथाम, नियन्त्रण र न्यूनीकरण** | | | | |
| १ प्रदूषणको नियमन | १. नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेको उद्योगहरूको लगत राखी ध्वनी, जल, वायू, प्रदूषणको स्तर मापन गरी अभिलेख तयार भएको <br> २. नगरपालिका क्षेत्रमा सञ्चालनमा रहेको उद्योगहरूबाट भएको प्रदूषणको गुनासो सम्बन्धी अभिलेख तयार गरी गुनासो फछ्र्यौट गर्ने गरेको। | | | *** |
| **ञ) ध्वनी तथा वायु प्रदूषण नियन्त्रण** | | | | |
| १. ध्वनी प्रदूषण नियन्त्रण | १. ध्वनीको राष्ट्रिय मापदण्ड बमोजिम नगर क्षेत्रलाई औद्योगिक क्षेत्र, व्यापारिक क्षेत्र, आवासिय क्षेत्र तथा शान्त क्षेत्रको रूपमा विभाजन गरिएको <br> २. नेपाल सरकारले निर्धारण गरेको मापदण्ड अनुकूल ध्वनीको स्तर सम्बन्धमा बार्षीक रुपमा मापन गर्ने गरिएको र मापदण्डभन्दा बढी ध्वनी प्रदूषण गर्नेलाई दण्डित गर्ने व्यवस्था गरिएको | | | *** |
| २. वायु प्रदूषण न्यूनीकरण | १. नगर क्षेत्रमा वायु प्रदूषण न्यूनीकरण तथा नियन्त्रणको लागि उपायहरु अवलम्बन गरिएको <br> २. नगर क्षेत्रमा साना सार्वजनिक सवारी साधनको भन्दा ठूला नगर बसहरु सञ्चालन भएको र बिजुलीबाट चल्ने सवारी साधनलाई उच्च प्राथमिकतामा राखेको | | | * |
| ३. वातावरणजन्य क्षतिपूर्ति | १. वातावरण प्रदुषकले क्षतिपूर्ति व्यहोर्ने सिद्धान्तको आधारमा पीडितलाई उपयुक्त क्षतिपूर्ति भराई दिने व्यवस्था मिलाएको <br> २. सङ्घीय सरकारले जारी गरेको कानून तथा मापदण्ड अनुरुप स्थानीय क्षेत्राधिकार भित्र रहेका ढुङ्गा, गिट्टि, बालुवा तथा माटोको उत्खनन, सङ्कलन, उपयोग, बिक्रि तथा वितरण सम्बन्धी व्यवस्था भएको | | | ***** |

वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७८

# परिच्छेद चार

# गाउँपालिका लागि वातावरणमैत्री स्थानीय शासनका सूचकहरू

## ४.१ घर-परिवार तह

### (क) आधारभूत सूचक

गाउँ पालिकाका लागि घरपरिवार तहको आधारभूत सूचक देहाय बमोजिम रहेका छनः

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | **क) खानेपानी सरसफाइ र स्वास्थ्य** | | | |
| १. स्वच्छ पानी, आधारभुत सरसफाई तथा घर भित्रको फोहरको उचित व्यवस्थापन, | १. स्वच्छ खानेपानीको पहुँच भएको<br>२. शौचालयको व्यवस्था, त्यसको उचित प्रयोग तथा व्यक्तिगत सरसफाईमा ध्यान दिएको<br>३. घरभित्रको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक र अप्राङ्गगारिक) गरी विभाजन गरि सड्नेलाई आफै वा समूह बनाई मल बनाउने गरेको। | | | |
| | **ख) स्वच्छ ऊर्जा तथा घरभित्रको वायु प्रदूषण न्यूनीकरण** | | | |
| १. धुवाँरहित चुल्होको प्रयोग | १. घरभित्रको वायु प्रदूषणलाई न्यूनीकरण गर्नका लागि गोबरग्यास वा बायो ब्रिकेट वा सूधारिएको चुल्होको प्रयोग गरिएको<br>२. कम बिजुली खपत हुने चिम तथा नविकरणीय उर्जाको प्रयोग भएको | | | |
| | **ग) हरियाली प्रवर्द्धन तथा करेसाबारी व्यवस्थापन** | | | |
| १. हरियाली तथा करेसाबारी व्यवस्थापन | १. घर वरीपरी फलफूलको बोटहरु लगाइएको<br>२. घरनजिक तुलसी, पारिजात, वेली, चमेली, जाई, जुई जस्ता सौन्दर्य बढाउने वा औषधीजन्य बिरुवा लगाइएको<br>३. करेसाबारीमा नियमित रूपमा तरकारी खेती गरी हरियो सागपात तथा तरकारी घरमै उत्पादन गर्ने गरिएको | | | |

### (ख) परिस्कृत सूचकहरु

गाउँपालिकाको घरपरिवार तहका लागि परिस्कृत सूचकहरु देहाय बमोजिम रहेका छनः

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| | **क) सरसफाई र स्वास्थ्य** | | | |
| १. घर-आँगनको सरसफाईकोअवस्था | आफ्नो घर-आँगन तथा घर अगाडीको बाटो नियमित रूपमा सफा गर्ने गरिएको | | | * |
| २ प्लाष्टिकका झोला नियमन | प्लाष्टिकका झोला प्रयोग नगरी आवश्यक पर्दा जुट, कपडा वा कागजका झोला प्रयोग गर्ने गरिएको | | | * |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| | **ख) ऊर्जाको प्रयोग** | | | |
| १. वैकल्पिक ऊर्जाको प्रयोग | १. खाना पकाउन सौर्य चुल्हो वा विधुतीय चूल्हो वा वायोग्यासजस्ता नवीकरणीय ऊर्जाको प्रयोग गरिएको<br>२. बिजुली नपुगेका घरमा  बत्ती बाल्न नवीकरणीय ऊर्जाको प्रयोग गरिएको | | | ** |
| | **ग) दिगो कृषि प्रणाली** | | | |
| १. प्राङ्गारिक खेतीतर्फ उन्मुख | १. करेसाबारी तथा खेतबारीमा रासायनिक मलको प्रयोग कम गर्दै गोबरमल वा प्राङ्गारिक मलको  प्रयोग गर्ने गरिएको<br>२. रासायनिक किटनाशक औषधीको सट्टा जैविक तथा वानस्पतिक औषधीको प्रयोग गर्न थालिएको | | | *** |

## ४.२ वडा तह

### (क) आधारभूत सूचक

गाउँपालिकाको वडा तहको लागि आधारभूत सूचकहरु देहाय बमोजिम रहेका छनः

(अ) **वडाभित्रका घर-परिवारहरूमध्ये कम्तीमा नव्बे प्रतिशत घर-परिवार वातावरणमैत्री घोषणा भएको।**

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | **क) खानेपानी तथा सरसफाई** | | | |
| १ खानेपानीका मुहान संरक्षण | १. वडा भित्रका सबै खानेपानीका श्रोतहरुको लगत राखी संरक्षण गरिएको<br>२. खानेपानीको श्रोतहरुको गुणस्तर परीक्षण गरीएको<br>३. पानीको सुरक्षित तथा किफायती प्रयोग सम्बन्धी तालिम सञ्चालन गरेको र वडा बासीलाई आकाशे पानी सङ्कलन र प्रयोग गर्न प्रोत्साहन गरेको | | | तराईमा इनार तथा चापाकल को लगत राखे |
| २. फोहरमैला व्यवस्थापन | १. वडा तहमा फोहरमैला सङ्कलन तथा व्यवस्थापनको संयन्त्र स्थापना गरेको<br>२. घर-परिवारबाट सङ्कलन भएको नसड्ने फोहर (प्लाष्टिक बाहेक) को व्यवस्थापन गर्न उपयुक्त स्थल तोकिएको<br>३. घर-परिवारबाट सङ्कलित प्लाष्टिकजन्य फोहर सङ्कलन गरी बिक्री गर्ने व्यवस्था मिलाइएको | | | |
| ३. ताल,पोखरी तथा सिमसार क्षेत्रको संरक्षण | वडाभित्रका ताल, पोखरी तथा सिमसार क्षेत्रहरूको लगत राखि संरक्षण गरिएको | | | |
| ४. खुला दिसामुक्त | वडा भित्र एक घर एक चर्पी अवधारणा कार्यान्वयन भएको | | | |
| | **ख) जलवायु परिवर्तन अनुकुलन तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन** | | | |
| १. जलवायु परिवर्तन अनुकुलन तथा विपद् व्यवस्थापनमा | १. वडास्तरीय विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकुलन सम्बन्धी समिति गठन गरिएको<br>२. जलवायु परिवर्तन अनुकुलन तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी विषयमा ज्ञान सिप तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन भएको | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| क्षमता अभिवृद्धि र आपतकालीन सुरक्षित क्षेत्र निर्धारण | ३. विपद्को अवस्थामा तत्काल उद्धारका लागि सुरक्षित आश्रयस्थल वा खुल्ला क्षेत्र निर्धारण गरिएको<br>४. जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनका लागि आधारभूत तालिम प्राप्त स्वयंसेवक टोली गठन गरिएको | | | |
| **ग) हरियाली प्रवर्द्धन तथा स्थानीय सडक व्यवस्थापन** | | | | |
| १. हरियाली प्रवर्द्धन | वडा कार्यालय तथा समुदायको अग्रसरतामा सडकको दायाँबायाँ स्थान अनुकुलको बोट बिरुवा रोपी हरियाली कायम गरेको | | | |
| २. सडक मापदण्ड | १. वडा क्षेत्रमा भएका सबै स्थानीय सडकको सडक अधिकार क्षेत्र (Right of Way) सहितको लगत भएको<br>२. वडाभित्रका सडकको नियमित सरसफाई गर्ने गरिएको | | | |

**(ख) परिस्कृत सूचक**

गाउँपालिकाको वडा तहको लागि परिस्कृत सूचकहरु देहाय बमोजिम रहेको छ:

| मूख्य सूचक | सूचकको अवस्था | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| **क) पानीको स्रोत ताल, पोखरी सिमसार क्षेत्र तथा सडक संरक्षण** | | | | |
| १. सडक तथा नालाको व्यवस्थापन | १. वडाका सबै सडकहरूमा वर्षातको पानी निकास हुने कुलेसो/नाली भएको<br>२. वडाका सडक नालाको नियमित रुपमा सरसफाई गर्ने गरिएको। | | | **** |
| २. खानेपानीको मुहान, ताल तथा पोखरीको संरक्षण | १. खानेपानीको मुहानको नियमित सरसफाई तथा उचित संरक्षण गरिएको<br>२. वडामा रहेका ताल, पोखरी तथा सिमसार क्षेत्रको नियमित सरसफाई तथा संरक्षण गरिएको<br>३. वर्षातको पानी तथा अन्य स्रोतबाट खेर जाने पानी सङ्कलन गर्नका लागि पोखरीको निर्माण गरिएको | | | |
| **ख) कृषि** | | | | |
| १. एकीकृत कृषि प्रणालीलाई प्रोत्साहन | १. वडाका कृषकहरुलाई वाली विविधिकरण, कृषि जैविक विविधता संरक्षण, एकीकृत शत्रुजीव व्यवस्थापन र प्राङ्गारिक खेती बारे तालिमको व्यवस्था गरेको | | | **<br>वडाभित्र रहेका व्यावसायिक कृषकको लगत,<br>जम्मा कृषकमध्ये उल्लेखित तालिम प्राप्त गर्ने कृषकहरूको विवरण, |

| मूख्य सूचक | सूचकको अवस्था | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| २. प्राङ्गारिक खेती प्रणालीको अवलम्बन | १. रैथाने वा मौलिक तथा माटो सुहाँउदो बीउ विजनको प्रयोगमा प्रोत्साहन गर्ने गरिएको<br>२. वडाका तालिम प्राप्त सबै कृषकहरूले रासायनिक मल तथा विषादिको सट्टा प्राङ्गारिक मल तथा जैविक, वनस्पतिजन्य किटनाशक औषधिको प्रयोग गर्ने गरेको | | | *** सहभागितात्मक लेखाजोखा, सहकारी संस्थाहरूमा रहेका विवरण, कृषि सेवाकेन्द्र/ उपकेन्द्रमा रहेको विवरण |
| **ग) जलवायु परिवर्तन अनुकुलन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन** | | | | |
| १. उच्च जोखिम-स्थलहरूको पहिचान | १. विपद् जोखिम नक्साङ्कन गरिएको<br>२. वडाभित्रको जोखिमयुक्त वस्तिहरुको पहिचान गरी लगत राखिएको<br>३. समुदाय तहमा जलवायु परिवर्तन अनुकुलनका क्रियाकलाप कार्यान्वयन भएको | | | ** |
| **घ) वन तथा भूसंरक्षण** | | | | |
| १. वडा भित्रको खाली-पर्ती जग्गाको संरक्षण | १. वडाभित्रको सरकारी, सार्वजनिक तथा खाली पर्ती जग्गाको नक्सा सहितको अभिलेख राखी संरक्षण गरिएको<br>२. वन कार्यालयसँग समन्वय गरी वडाभित्रको वन क्षेत्रको लगत राख्ने तथा समुदाय मार्फत उचित संरक्षण गरेको<br>३. वडाभित्रको खाली पर्ती जग्गामा रुख/डालेघाँस/फलफूलका बिरुवा रोपी हुर्काइएको र सोको अभिलेख राखिएको | | | *** |

## ४.३ गाउँपालिका तह

### (क) आधारभूत सूचक

गाउँपालिका तहको आधारभूत सूचकहरु देहाय बमोजिम रहेका छनः

(अ) सबै वडाहरु वातावरणमैत्री वडाको रुपमा घोषणा भएको।

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| **क) खानेपानी तथा सरसफाइ** | | | | |
| १. खानेपानी तथा सरसफाइ सम्बन्धी नीति र सोको कार्यान्वयन | गाउँपालिकाको आधाभूत सरसफाइ तथा खानेपानी सम्बन्धी नीति तर्जुमा गरीगरी सोबमोजिम वार्षिक बजेट विनियोजन गरी कार्यान्वयन गर्ने गरिएको | | | स्वीकृत नीति, वार्षिक बजेट र कार्यान्वयनमा प्रगति |
| २. प्लाष्टिक झोला प्रयोगमा निरुत्साहन | १. नेपाल सरकारले तोकेको मापदण्डभन्दा कम गुणस्तरको प्लाष्टिक झोलाको उत्पादन, विक्री, वितरण तथा प्रयोगमा रोक लगाइएको<br>२. प्लाष्टिक झोलाको सङ्कलन, विक्री व्यवस्थापन तथा सोको सट्टामा वैकल्पिक झोलाको प्रयोग सम्बन्धी नीति बनाई कार्यान्वयन गरेको | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | **ख) जलवायु परिवर्तन अनुकुलन तथा विपद् व्यवस्थापन** | | | |
| १. स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति गठनर क्रियाशीलता | १. जलवायु परिवर्तन अनुकुलन तथा विपद् व्यवस्थापनको क्षेत्रमा ज्ञान,सीप तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन भएका<br>२. गाउँपालिका स्तरमा विपद् व्यवस्थापन तथा जलवायु उत्थानशील समिति गठन भएको<br>३. गाउँपालिका स्तरमा जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनका लागि तालिम दिनसक्ने जनशक्तिको विकास भएको<br>४. गाउँपालिका क्षेत्रमा जोखिम सम्वेदनशील स्थानहरुको पहिचान गरी ती स्थानहरुमा निजी संरचना निर्माणमा रोक लगाएको<br>५. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गरिएको | | | |
| २. भवन निर्माण संहिता कार्यान्वयन | गाउँपालिका क्षेत्रमा बन्ने सबै सार्वजनिक भवनहरु निर्माण गर्दा भवन निर्माण संहिता पालना हुने गरेको | | | |
| | **ग) वन, भू–संरक्षण, जैविक विविधता र हरियाली प्रवर्द्धन** | | | |
| १. वन तथा जैविक विविधताको संरक्षण | १. गाउँ पालिकाको क्षेत्राधिकारभित्र भएको वन तथा जलाधार क्षेत्रको लगत राखी समुदायस्तरका समिति मार्फत उचित संरक्षण गरेको,<br>२. दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु र वनस्पतिको संरक्षणका लागि स्थानीय कानून वा रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याएको | | | |
| २. खालीपर्ती जग्गाको व्यवस्थापन तथा हरियाली प्रवर्द्धन | १. गाउँपालिका भित्रको वनक्षेत्रको क्षेत्रफल खुलेको लगत राखेको<br>२. खाली पर्ती जग्गा, सरकारी वा सार्वजनिक जग्गाको नक्सा र विवरण सहितको लगत राखिएको र त्यस्ता जग्गामा हरियाली प्रवर्द्धन र जैविक विविधता संरक्षणका कामहरु भएको | | | |
| | **घ) कृषि** | | | |
| १. व्यावसायिक कृषि प्रणालीको प्रवर्द्धन | १. उत्पादित कृषि उपज बजारमा पुऱ्याउन गाउँपालिकामा सङ्कलन केन्द्रहरुको स्थापना गरिएको<br>२. व्यावसायिक कृषि खेतीमा लाग्न चाहने कृषकलाई गाउँपालिकाले आर्थिक तथा प्राविधिक सहयोग दिने गरेको<br>३. व्यवसायिक कृषि प्रणालीको प्रवर्द्धन गर्न दक्ष जनशक्तिको परिचालन भएको | | | |
| २. जलवायू परिवर्तनमैत्री कृषि प्रणालीको विकास तथा प्रवर्द्धन | जलवायुमैत्री खेती प्रणाली सम्बन्धी परम्परागत ज्ञान, सीप र अभ्यास एवम् नवीनतम प्रविधिको विकास तथा प्रवर्द्धनका लागि कृषकहरुलाई अवलोकन भ्रमण तथा तालिमको व्यवस्था गरेको | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | **ङ) स्वच्छ ऊर्जाको प्रयोग** | | | |
| १. सुधारिएको चुलोको व्यवस्थित प्रयोग | सुधारिएको चुलोको प्रयोगलाई प्रोत्साहन गर्न प्रत्येक वडामा यस्तो चुल्हो बनाउने तथा मर्मत-सम्भार गर्ने तालिम दिएको | | | |
| २. विद्युतको व्यवस्थित र मितव्ययी उपयोग | १. विद्युत नपुगेका र छरिएर रहेका बस्तीहरुमा बिजुलीको सट्टा नवीकरणीय ऊर्जा उपयोगलाई प्रोत्साहित गरेको<br>२. विद्युत पुगेका घरमा कम ऊर्जा खपत गर्ने चीम प्रयोगलाई प्रवर्द्धन र प्रोत्साहन गरिएको | | | |
| | **च) वातावरणीय शिक्षा तथा प्रदूषण नियन्त्रण** | | | |
| १. वातावरणीय सचेतना | १. गाउँपालिका क्षेत्रका विद्यालयमा जलवायु तथा वातावरणीयशिक्षा सम्बन्धी अतिरिक्त क्रियाकलाप सञ्चालन गरेको<br>२. सरोकारवाला निकाय समेतको सहयोगमा समुदाय तहमा वातावरण सम्बन्धी जनचेतनामूलक क्रियाकलापहरु नियमित सञ्चालन गरेको | | | |
| २. प्रदूषण नियन्त्रण | १. घर भित्रको वायु प्रदूषण र त्यसले स्वास्थ्यमा पार्ने प्रतिकुल प्रभावलाई न्यूनीकरण गर्न सौर्य चूल्हो, विद्युतीय चूल्हो, सूधारिएको चूल्लो वा बायोग्यासको प्रयोगलाई प्रोत्साहन गरेको<br>२. नेपाल सरकारले निर्धारण गरेकोमापदण्डभन्दा बढी प्रदूषण गर्ने उद्योगलाई कारवाही र दण्डित गर्ने व्यवस्था गरिएको | | | |
| | **छ) स्थानीय सडक व्यवस्थापन** | | | |
| १. भारी उपकरण प्रयोग | सडक निर्माणमा डोजर/स्काभेटर जस्ता भारी उपकरणको प्रयोग सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था गरेको | | | |
| २. सडक सीमा निर्धारण | गाउँपालिका क्षेत्र भित्रका सबै स्थानीय सडकको सडक क्षेत्राधिकार (Right of Way) निर्धारण गरेको | | | |

## (ख) परिस्कृत सूचक

**गाउँपालिका तहका परिस्कृत सूचकहरु देहाय बमोजिम रहेका छनः**

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| | **क) खानेपानी तथा सरसफाई** | | | |
| १. खानेपानीको दिगो व्यवस्थापन | १. वर्तमान जनसंख्या, सडक सञ्जाल रबस्ती विकासको प्रवृत्ति विश्लेषण गरी खानेपानी आपूर्ति सम्बन्धी नीति तर्जुमा गरिएको<br>२. सम्भाव्य पानीको श्रोतहरु पहिचान तथा संरक्षण गरी लगत राखिएको | | | ***** |
| २. सरसफाई र फोहरमैला व्यवस्थापन | १. मापदण्ड बमोजिम फोहरमैलाको सङ्कलन, ढुवानी, तथा विसर्जनमा वातावरणमैत्री तरिका अवलम्बन गरिएको<br>२. आफ्नै वा अन्य गाउँपालिकार नगरपालिकासँगको सहकार्यमा फोहरमैला सङ्कलन तथा व्यवस्थापन केन्द्र बनाई सञ्चालन गरेको | | | *** |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| ३. सार्वजनिक शौचालय | मुख्य बजार क्षेत्र, सार्वजनिक स्थल र प्रत्येक वडामा लैङ्गिक, अपाङ्ग तथा बालमैत्री सार्वजनिक शौचालय सञ्चालन भएको | | | * |
| **ख) कृषि** | | | | |
| १. व्यावसायिक खेतीलाई प्रोत्साहन | १. "एक गाउँ एक उत्पादन" अन्तर्गत आफ्नो गाउँमा सम्भाव्य देखिएको तरकारी, फलफूल, पुष्प, अन्नबाली, मसला बाली, नगदे बाली, मत्स्यपालन तथा पशुपंक्षी पालन मध्ये कुनै एक उत्पादनलाई व्यावसायिक रुपमा अघि बढाएको | | | * "एक गाउँ, एक उत्पादन" अन्तर्गत गाउँपालिकाको लागि तोकिएको मुख्य बाली, त्यस्तो बालीलाई व्यावसायिक रूपमा विकास गर्न गरिएको निर्णय तथा लगानीको विश्लेषण गर्ने |
| २. बाली विविधिकरण तथा जलवायु मैत्री एकिकृत कृषि प्रणालीको विकास | १. कृषि उत्पादनको वृद्धिका लागि जलवायु मैत्री एकिकृत कृषि प्रणालीको विकास गर्दै बाली पोषक तत्व र एकिकृत कीट (शत्रुजीव) व्यवस्थापन कार्य भएको<br>२. सुख्खा तथा डुवान हुने क्षेत्रहरुको निम्ति उपयुक्त हुने बालीको पहिचान तथा प्रबर्द्धनका लागि नेपाल सरकार वा प्रदेश सरकारका सम्बन्धित निकायसँग सहकार्य गरेको | | | * |
| **ग) स्वच्छ ऊर्जाको प्रयोग** | | | | |
| १ नवीकरणीय उर्जा उत्पादन र उपयोग गर्न प्रोत्साहन | १. गाउँपालिकाले नवीकरणीय उर्जा उत्पादन तथा प्रयोग गर्न सहुलियत-प्रोत्साहन उपलब्ध गराएको<br>२. अधिकांश घर-परिवारले खाना बनाउन दाउरा तथा गुइँठाको सट्टा नवीकरणीय वा स्वच्छ ऊर्जाको प्रयोग गरेको | | | *** |
| **घ) प्लाष्टिकको उचित व्यवस्थापन** | | | | |
| १.प्लाष्टिक व्यवस्थापन बाट रोजगारी सृजना | १. हरेक वडामा प्लाष्टिकको पुनः प्रयोग सम्बन्धी तालिम दिएको<br>२. तालिम प्राप्त व्यक्तिलाई रोजगारीको निमित्त सहयोग वा प्रोत्साहन गर्ने गरेको | | | ** |
| **ङ) जलवायु परिवर्तन अनुकुलन तथा विपद् व्यवस्थापन** | | | | |
| १. स्थानीय विपद् तथा जलवायु उत्थानशील | १. गाउँपालिका स्तरको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना तर्जुमाभई कार्यान्वयन भएको<br>२. जलवायु परिवर्तन अनुकुलन तथा विपद् जोखिम न्यूनीकरण र | | | ** |

वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७८

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| समितिको क्रियाशीलता | व्यवस्थापनको लागि सरकारी तथा गैरसरकारी एवम् निजी क्षेत्रबीच समन्वय र सहकार्य हुने गरेको |  |  |  |
| २. भू- उपयोग योजना कार्यान्वयन तथा ग्रामीण बस्तीको विकास | १. विपद् सम्वेदनशील भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गरेको<br>२. हरित ग्रामीण बस्ती विकास सम्बन्धी अवधारणाको प्रवर्द्धन गरिएको |  |  | ** |
|  | **च) वातावरणीय शिक्षा** |  |  |  |
| १. वातावरणीय शिक्षा | सबै तहका विद्यालयहरूले कम्तीमा महिनामा एक पटक वातावरण संरक्षणसँग सम्बन्धित विषयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने गरी वार्षिक क्यालेण्डरमा नै उल्लेख गरिएको |  |  | * |
|  | **छ) वन, जैविक विविधता तथा भू-संरक्षण** |  |  |  |
| १ वन संरक्षण तथा हरियाली प्रवर्द्धन | १. गाउँ क्षेत्रभित्र रहेका वनको उचित संरक्षण तथा दिगो व्यवस्थापनको लागि नीति निर्माण गरी कार्यन्वयन भएको<br>२. सडक दायाँ बायाँ, खाली पर्ती र सरकारी/सार्वजनिक जग्गामा समुदाय परिचालन गरी उपयुक्त प्रजातिका बोटबिरुवा तथा बहुवर्षिय फलफूलहरु लगाएको |  |  | * |
| २. जैविक विविधता संरक्षण | दिगो वन व्यवस्थापनलाई अवलम्बन गर्दै त्यस क्षेत्रको जैविक विविधता संरक्षणको लागि नीतिगत व्यवस्था गरी कार्यान्वयन गरेको |  |  |  |
| ३. भू-संरक्षण | १. सबै सार्वजनिक, खालीपर्ती बाँझो जग्गा तथा नदीनाला र खोल्साका किनाराहरूमा वृक्षारोपण गरी संरक्षण गरिएको<br>२. भू-क्षय, बाढी तथा पहिरो सम्भाव्य स्थानहरूमा भूसंरक्षणका उपायहरू अवलम्बन गरिएको |  |  | ** |
|  | **ज) स्थानीय सडक व्यवस्थापन** |  |  |  |
| १. स्थानीय सडक संरक्षण तथा व्यवस्थापन | १. निर्माण भएका सबै सडकको सडक क्षेत्राधिकार निर्धारण गरी ठाउँठाउँमा सङ्केत चिन्ह राखिएको<br>२. सडक सीमाभित्रको खाली जग्गामा समुदायलाई परिचालन गरी उपयुक्त जातका रुख बिरुवा रोपिएको<br>३. सडकको मर्मत संभारका लागि मर्मत सम्भार कोष स्थापना गरी नियमित मर्मत सम्भार गर्ने गरिएको |  |  | ***** |
|  | **झ) वातावरणीय न्याय तथा संस्थागत संरचना** |  |  |  |
| १. वातावरण संरक्षणको लागि आवश्यक संरचनाको विकास | १. वातावरण तथा विपद् व्यवस्थापन शाखा गठन भई क्रियाशील रहेको<br>२. वातावरण संरक्षणका लागि नीति तथा कानून जारी भएको |  |  |  |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| २. वातावरणीय न्याय | १. पीडितलाई वातावरण प्रदूषकबाट उपयुक्त क्षतिपूर्ति भराइदिने व्यवस्था मिलाएको<br>२. ढुङ्गा, गिट्टि, बालुवा तथा माटोको उत्खनन, सङ्कलन, उपयोग, बिक्रि तथा व्यवस्थापन सम्बन्धी नेपाल सरकारले जारी गरेको मापदण्ड कार्यान्वयन भएको | | | ***** |

उल्लिखित नगर तथा गाउँ क्षेत्रका सूचकहरू मध्ये केही सूचकहरू भौगोलिक अवस्थिति अनुसार फरक पर्ने अवस्थामा गाउँपालिका/नगरपालिकाले निर्णय गरी स्पष्ट कारण र पुष्ट्याँई सहित अनुरोध गरेमा जिल्ला समन्वय समितिले भौगोलिक अवस्थिति अनुसार जिल्लाका अरु स्थानीय तहहरुसंग समन्वय गरी परिमार्जित सूचक तयार गर्न सहयोग प्रदान गर्नेछ।

एउटै स्थानीय तहको क्षेत्रभित्र पनि शहरी परिवेश र ग्रामीण परिवेश भएको अवस्थामा सम्बन्धित नगर/गाउँ समन्वय समितिले निर्णय गरी स्पष्ट कारण र पुष्ट्याँई सहित सूचक परिमार्जन गरी लागू गर्न सक्नेछ। यसरी सूचक परिमार्जन भएको निर्णय जिल्ला समन्वय समितिमा पठाउनु पर्नेछ।

वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७८

# परिच्छेद पाँच

## जिल्ला तहका लागि वातावरणमैत्री स्थानीय शासनका सूचकहरू

वातावरणमैत्री स्थानीय शासनका अधिकांश सूचकहरु घरपरिवार तथा समुदाय तहबाटै कार्यान्वयन हुने भएको हुँदा यस प्रारुपको कार्यान्वयन सम्बन्धी समग्र जिम्मेवारी वडा र गाउँपालिका/नगरपालिका तहमा केन्द्रीत गरिएको छ। स्थानीय तहबाट कार्यान्वयन गरिने विषयहरुमा आवश्यक समन्वय र सहजीकरण गर्ने कार्य जिल्ला तहबाट सम्पन्न गरिनेछ। तथापि जिल्ला तहबाटै हासिल गरिनुपर्ने सूचकहरुलाई जिल्ला तहका सूचकको रुपमा समावेश गरिएको छ। यस्ता सूचकहरुलाई देहाय बमोजिम रहेका छन्:

### ५.१ जिल्ला तहमा वातावरणमैत्री स्थानीय शासनका आधारभूत सूचक

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्टयाई |
|---|---|---|---|---|
| | **क. प्लाष्टिक प्रयोग नियन्त्रण** | | | |
| १. प्लाष्टिक झोलामुक्त जिल्ला घोषणा | १. जिल्लामा नेपाल सरकारले निर्धारण गरे बमोजिम ४० माइक्रोनभन्दा कम गुणस्तरको प्लाष्टिकको झोला निषेध गर्न जिल्ला सभाले निर्णय गरी आब्हान गरेको<br>२. प्लाष्टिकको झोलाको विकल्पमा वातावरणमैत्री झोला उत्पादन गर्न स्थानीय तहहरुलाई समन्वय र सहजीकरण गरिएको | | | |
| | **ख. सरसफाई** | | | |
| १. स्यानीटरी ल्याण्डफिल साइट व्यवस्थापन | गाउँपालिका तथा नगरपालिकाको फोहरमैला व्यवस्थापनको लागि ल्याण्डफिल साइटको निमित्त जग्गा व्यवस्थापनमा समन्वय र सहजीकरण गरेको | | | |
| २. खुला दिसामुक्त अभियान | पूर्ण सरसफाई कार्यक्रमसञ्चालनको लागि स्थानीय तहहरुसँग समन्वय र सहजीकरण गरेको | | | |
| | **ग) खानेपानी** | | | |
| १. खानेपानी व्यवस्थापन | १. जिल्लाभरको खानेपानीका स्रोत र वितरणसम्बन्धी व्यवस्थित अभिलेख जि.स.स.मा रहेको<br>२. खानेपानीको मुहानको संरक्षण सम्बन्धमा छलफल कार्य र समन्वयकारी भूमिका निभाएको | | | |
| | **घ) वातावरणमैत्री पूर्वाधार** | | | |
| १. सडक व्यवस्थापन | जिल्लाभित्र निर्माण हुने सडकहरुको वातावरणीय अध्ययन स्वीकृत भए नभएको र स्वीकृत वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन भए नभएको नियमित अनुगमन गरेको | | | |
| | **ङ) जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापन** | | | |
| १. जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन | १. गाउँपालिका र नगरपालिकामा तर्जुमा भएको स्थानीय विपद तथा जलवायु उत्थानशील योजनाको कार्यान्वयनको लागि समन्वय र सहजीकरण गरेको<br>२. गाउँपालिका र नगरपालिकाले सञ्चालन गरेका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी कार्यहरुको अनुगमन गरी सुझाव दिएको | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | **च) वन, जैविक विविधता तथा जलाधार संरक्षण** | | | |
| १. वन संरक्षण तथा दिगो व्यवस्थापन | जिल्ला भित्रका वनहरुको दिगो व्यवस्थापनको लागि नेपाल सरकार,प्रदेश सरकार, गाउँपालिका नगरपालिका, वन उपभोक्ता समिति, वन कार्यालयसँग समन्वय र सहजीकरण गर्ने गरेको | | | |
| २. जैविक विविधता | दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु र वनस्पतिको संरक्षण सम्बन्धमा स्थानीय योजना बनाउन सहजीकरण गरेको | | | |
| ३. जलाधार | नदी,ताल, पोखरी र सिमसार क्षेत्रको संरक्षण र विकासको लागि एकीकृत जलाधार व्यवस्थापन तथा जलवायु अनुकूलन योजना बनाउन सहजीकरण गरेको | | | |

## ५.२ जिल्ला तहमा वातावरणमैत्री स्थानीय शासनका परिस्कृत सूचक

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| | **क) सरसफाई** | | | |
| १. फोहरमैला व्यवस्थापनमा समन्वय | गाउँपालिका तथा नगरपालिकाहरुलाई संयुक्तरूपमा फोहर व्यवस्थापन गर्ने कार्यमासमन्वय र सहजीकरण गरेको | | | ** |
| | **ख) खानेपानी** | | | |
| १.खानेपानी व्यवस्थापन | १. स्थानीय तहबाट प्राप्त विवरणका आधारमा जिल्लामा भएका खानेपानीका स्रोतहरुको संरक्षण र व्यवस्थापनका लागि रणनीति तयार गरेको<br>२. स्थानीय तहहरुबीचको खानेपानी मुहान सम्बन्धी विवाद समाधानका लागि समन्वय र सहजीकरण गरेको | | | ** |
| | **ग) जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापन** | | | |
| १. जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र प्राकृतिक स्रोतको संरक्षण | १. स्थानीय तहको आवधिक एवम् वार्षिक योजनामा जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना समावेश भए नभएको अनुगमन गरी कार्यान्वयनमा सहजीकरण गरेको<br>२. विपद् पछि तत्काल उद्धार गरी राख्न सुरक्षित स्थल निर्धारण गर्न सहजीकरण गरेको | | | ** |
| १. जलवायु परिवर्तन अनुकूलनको लागि क्षमता विकासमा सहजीकरण | स्थानीय तहको सहकार्यमा जलवायु परिवर्तन सम्बन्धी जनचेतना अभिवृद्धि, क्षमता अभिवृद्धि र हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणको प्रविधि विकास जस्ता विषयमा समन्वय र सहजीकरण गरेको | | | ** |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| **घ) प्रदूषण रोकथाम, नियन्त्रण र न्यूनीकरण** | | | | |
| १. औद्योगिक प्रदूषण नियन्त्रण | उद्योग र अन्य व्यवसायबाट निश्कासन हुने विभिन्न प्रकारका प्रदूषण नियन्त्रण कार्यमा अनुगमन र समन्वय गरेको | | | * |
| २. ध्वनीतथा वायु प्रदूषण नियन्त्रण | ध्वनी तथा वायु प्रदूषण नियन्त्रण सम्बन्धी कार्यमा सरोकारवालाहरुसँग समन्वय गरेको | | | ** |
| **ङ) वातावरणीय न्याय तथा संस्थागत संरचना** | | | | |
| १. वातावरण सम्बन्धी नीति तथा कानूनको स्थानीयकरण | स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न बनेका राष्ट्रिय नीति, रणनीति तथा कानुन स्थानीयकरण गर्न सहजीकरण गरेको | | | |
| २. वातावरणीय न्याय | १. प्राकृतिक स्रोतको दिगो विकास र संरक्षणको लागि समन्वय र सहजीकरण गरेको<br>२. ढुङ्गा, गिट्टि, बालुवा तथा माटोको उत्खनन, सङ्कलन, उपयोग, बिक्रि तथा वितरण सम्बन्धी सङ्घीय कानून र मापदण्ड कार्यान्वयनको नियमित अनुगमन गरेको | | | ***** |

द्रष्टव्यः *उल्लिखित जिल्ला तहका सूचकहरूमध्ये केही सूचकहरू भौगोलिक अवस्थिति अनुसार फरक पर्नसक्ने अवस्थामा जिल्ला सभाबाट स्पष्ट कारण र पुष्ट्याँई सहित निर्णय गर्न सक्नेछ।*

स्थानीय तहले आफ्नो खास आवश्यकता र पहिचानको आधारमा सभाको निर्णयले आधारभूत तथा परिस्कृत सूचकमा सामान्य थपघट गर्न सक्नेछन्। जिल्ला सभाले निश्चित भौगोलिक क्षेत्र तोकी कुनै टोल, वस्ती, वडा, गाउँ, नगर वा जिल्लामा विशेष सोच राखी त्यस क्षेत्रलाई हरित नगर, धार्मिक नगर, पर्यटकीय नगर जस्ता थप विशेषतायुक्त विशिष्ट क्षेत्रको रूपमा घोषणा गर्न सक्नेछ। यस्ता विशिष्ट विशेषतायुक्त निश्चित भौगोलिक क्षेत्रका लागि यस प्रारूप बमोजिमका सूचकका अतिरिक्त राष्ट्रिय समन्वय समितिले विशिष्ट सूचक तयार गरी कार्यान्वयनमा ल्याउनेछ।

वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७८

# परिच्छेद छ

# वातावरणमैत्री सार्वजनिक कार्यालय

वातावरणमैत्री सार्वजनिक कार्यालय भन्नाले यस प्रारुप बमोजिमका सूचकहरु पूरा गरी सम्बन्धित तहबाट वातावरणमैत्री घोषणा भएको सार्वजनिक कार्यालयलाई जनाउनेछ।

## ६.१ वातावरणमैत्री सार्वजनिक कार्यालयका सूचकहरु

वातावरणमैत्री सार्वजनिक कार्यालय घोषणा हुन देहायका सूचकहरु पूरा गरेको हुनु पर्दछः

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| १. सरसफाई | १. लैङ्गिकमैत्री शौचालयको व्यवस्था भएको<br>२. शौचालयमा हातधुने साबुन र पानीको व्यवस्था भएको<br>३. शौचालयभित्रका सामानहरु दुरुस्त रहेको र दैनिक रुपमा सरसफाई हुने गरेको<br>४. कार्यालयका हरेक कोठा, बरण्डा र परिसर दैनिक रुपमा सफाई हुने गरेको<br>५. कार्यालयको भित्ता, सिलिंग तथा पर्खालमा माकुराको जालो, धुलो, लेऊ, अनावश्यक बिरुवा, झारपात, फोहरको धब्बा नरहेको<br>६. कार्यालय परिसरमा खुला रुपमा थोत्रा तथा अनावश्यक सामानहरु राख्ने नगरेको<br>७. कार्यालयका भवन, भित्ता, पर्खालमा जथाभावी पोस्टर, अनावश्यक भित्ते लेखन आदि नरहेको।<br>८. कार्यालयका भित्ताहरुमा सुर्ती, पान, गुट्खा थुक्ने नगरेको | | | |
| २. कार्यालय भवनको मर्मत सम्भार | १. कार्यालयभवनको नियमित रुपमा मर्मत सम्भार गर्ने गरेको<br>२. कार्यालय भवन तथा पर्खालहरुको नियमित रङ्गरोगन गर्ने गरेको | | | |
| ३. कार्यालयको सौन्दर्य तथा हरियाली | १. कार्यालय कम्पाउण्डभित्र रहेको खाली स्थानमा फूल, फलफूलका बिरुवा, दुबो सहितको सुन्दर बगैंचा रहेको<br>२. बगैंचाको नियमित हेरचाह र रेखदेख हुने गरेको<br>३. कार्यालयको स्वामित्व भएको जग्गा वा सार्वजनिक जग्गामा वर्षमा कम्तिमा एकपटक वृक्षरोपण गर्ने गरेको<br>४. कार्यालय परिसरमा कम्तिमा दशवटा बहुवर्षे बोट बिरुवा हुर्काएको<br>५. वर्षेपानी जमिनमा रिचार्ज गर्ने व्यवस्था भएको । | | | |
| ४. फोहरमैला व्यवस्थापन | १. कार्यालयको फोहर सड्ने र नसड्ने गरी वर्गीकरण गर्ने गरेको<br>२. सड्ने फोहरलाई कार्यालय परिसरभित्रै मल बनाउने गरेको वा अन्य तरिकाले व्यवस्थापन गर्ने गरेको<br>३. प्लाष्टिकजन्य फोहरलाई छुट्टै जम्मा गरी बिक्री वा निर्धारित स्थलमा जम्मा गर्ने गरेको | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्टयाई |
|---|---|---|---|---|
| | ४. ब्याट्री, सि.एफ.एल्. (CFL) चिम फुटेका सिसा, बोतल, ट्युवलाइट जस्ता हानिकारक फोहरमैला छुट्याई निर्धारित स्थलमा जम्मा गर्ने गरेको<br>५. कार्यालयसँग जोडिएको सडकपेटी नियमित रुपमा सरसफाई गर्ने गरेको<br>६. कार्यालयमा रहेका सोफा, कार्पेट, पर्दा जस्ता सामानहरु नियमित रुपमा सफा गर्ने गरेको<br>७. कार्यालय परिसरभित्र र बाहिर फोहर, धुलो, कागजका टुक्रा तथा अन्य फोहरजन्य वस्तु नरहेको<br>८. कार्यालयमा चालीस माइक्रोनभन्दा कम गुणस्तरका प्लाष्टिकको झोला प्रयोगमा रोक लगाएको। | | | |
| ५. उर्जाको प्रयोग | १. कार्यालयमा ऊर्जा खपत कम गर्ने चिमको प्रयोग भएको<br>२. प्रयोग नभएको समयमा सबै प्रकारका विद्युतीय उपकरण बन्द गर्ने गरेको। | | | |
| ६. सवारी साधनको प्रयोग | १. सवारी साधनको नियमित रुपमा प्रदूषण नियन्त्रण जाँच गराई Green Sticker टाँस्ने गरेको<br>२. पुराना सवारी साधनको नियमित रुपमा लिलाम बिक्री गर्ने गरेको। | | | |
| ७. सेवाग्रहीको लागि प्रतिक्षालयको व्यवस्था | १. कार्यालय परिसरमा सेवाग्राहीका लागि घामपानीबाट जोगिन प्रतिक्षालयको व्यवस्था रहेको<br>२. प्रतिक्षालयमा नियमित रुपमा सरसफाई हुने गरेको। | | | |
| ८. सेवाग्राहीका लागि शौचालय | १. कार्यालयमा Toilet र Urinal सहितको महिला तथा पुरुषका लागि सार्वजनिक शौचालय रहेको<br>२. शौचालयमा सावुन र पानीको व्यवस्था रहेको<br>३. शौचालयको नियमित रुपमा सरसफाई हुने गरेको | | | |
| ९. कार्यालय भवनको सुरक्षा तथा भूकम्प प्रविधिको प्रयोग | १. कार्यालयले आफ्ना सबै भवनहरुको नक्सा सम्बन्धित निकायबाट पारित गरेको<br>२. कार्यालयभित्र तथा बाहिर जाँदा यात्रुका झोला चेकजाँच गरेर मात्र भित्रबाहिर जान दिने गरेको<br>१. कार्यालयमा सुरक्षाको लागि कम्पाउण्ड वाल लगाईएको<br>२. कार्यालयका सबै भवनहरुमा भवन संहिताको पालना गरिएको<br>३. कार्यालयका पुराना भवनहरुलाई आवश्यकता अनुसार प्रवलीकरण गरिएको | | | |

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| १०. चमेनागृहको व्यवस्था | १. चमेनागृह सफा सुग्घर रहेको<br>२. चमेनागृहले सामानहरुको मूल्यसूची टाँस्ने गरेको<br>३. चमेनागृहमा स्वच्छ पिउने पानीको व्यवस्था भएको<br>४. चमेनागृह अगाडिफूलबिरुवा रहेको<br>५. कार्यालयले खाजा खाने निश्चित समय निर्धारण गरेको<br>६. कर्मचारीहरु कार्यकक्षमा बसेर खाजा खाने नगरेको। | | | |

## ६.२ वातावरणमैत्री सम्मानपत्र तथा लोगो प्रदानका आधार

(क) सम्बन्धित तहका सबै आधारभूत सूचकहरू पूरा गर्ने घर, परिवार, टोल, वडा तथा स्थानीय तह र जिल्लालाई वातावरणमैत्री कदर/सम्मान र वातावरणमैत्री लोगो प्रदान गरिनेछ। त्यसैगरी परिस्कृत सूचकका लागि निर्धारित कूल तारामध्ये पचास प्रतिशतभन्दा बढी तारा पाएको अवस्थामा कदरपत्र सहित वातावरणमैत्री पहिचान हुने एउटा तारासहितको लोगो र कदरपत्र, पचहत्तर प्रतिशत तारा हासिल गरेमा दुईवटा तारासहितको लोगो र कदरपत्र साथै सबै परिस्कृत सूचक पूरा गर्नेलाई तीनवटा तारा सहितको लोगो र कदरपत्रद्वारा सम्मान गरिनेछ।

(ख) जिल्लास्थित नेपाल सरकार तथा प्रदेश सरकार अन्तर्गतका कार्यालयले निर्धारित सूचकहरू पुरा गरे नगरेको सम्बन्धमा वातावरणमैत्री स्थानीय शासन जिल्ला समन्वय समितिले प्राविधिक उपसमितिबाट अनुगमन गराई सबै सूचकहरू पूरा गरेको पाईएमा वातावरणमैत्री लोगो एवम् कदरपत्रद्वारा सम्मान गर्ने निर्णय गर्नेछ।

(ग) यस प्रारुप बमोजिम एकपटक आधारभूत सूचकहरू हासिल गरी वातावरणमैत्री घोषणा भईसकेको घर, परिवार, टोल, वडा, स्थानीय तह एवम् जिल्लाले कुनै कारणवश उक्त सूचक उल्लङ्घन गरेको पाईएमा वातावरणमैत्री घोषणा/सम्मान/कदरपत्र र लोगो प्रदान गर्ने निकायले निर्णय गरी यस अघि प्रदान गरिएको सम्मान/कदर/लोगो निष्कृय गर्न सक्नेछ।

(घ) प्रदेशभित्रका सबै जिल्लाहरु वातावरणमैत्री घोषणा भएको अवस्थामा सम्बन्धित प्रदेशको मूख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले सरोकारवाला निकायका प्रतिनिधि रहेको समितिबाट अनुगमन गराई वातावरणमैत्री घोषणा गर्न र यस कार्यमा सहयोग पुऱ्याउने निकाय वा सङ्घ संस्थालाई प्रोत्साहन स्वरुप पुरस्कृत वा सम्मानित गर्न सक्नेछ।

# परिच्छेद सात

# कार्यान्वयन तथा मूल्याङ्कन व्यवस्था

वातावरणमैत्री स्थानीय शासन प्रारुपको कार्यान्वयनको लागि देहाय बमोजिमका रणनीति तथा कार्यान्वयन प्रक्रियाहरु तय गरिएका छन्:

## ७.१ कार्यान्वयन रणनीति

१. सन्नीकटताको सिद्धान्तको आधारमा स्थानीय तहको नेतृत्वमा वातावरण संरक्षण सम्बन्धी कार्यसञ्चालन गर्न प्रोत्साहित गर्ने।
२. सबै तहका लागि निर्धारित सूचकहरुको प्राप्तिमा सकारात्मक प्रतिस्पर्धालाई प्रोत्साहन गर्ने।
३. वातावरणमैत्री स्थानीय शासन प्रारुपका विषयहरुलाई स्थानीय योजना प्रक्रियामा मूलप्रवाहीकरण गर्ने।
४. सबै तहको संस्थागत क्षमता विकास गरी सूचकहरु हासिल गर्न सघाउ पुऱ्याउने।
५. सूचना, शिक्षा र सञ्चारको माध्यमबाट सामाजिक व्यवहारमा परिवर्तन गर्ने।
६. सरोकारवालाहरु बीचको समन्वय र सहकार्यमा जोड दिने।
७. अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषणका आधारमा निरन्तर सुधार गर्ने।

## ७.२ कार्यान्वयन प्रक्रिया

### ७.२.१ प्रचार-प्रसार

श्रव्य-दृष्य, छापा, सामाजिक सञ्जाल एवम् अन्य उपयुक्त सञ्चार माध्यमबाट सन्देशमूलक सूचना प्रचार-प्रसार गरी घर-परिवारलाई आफ्नो घर तथा टोल बस्तीलाई आफ्नो टोल बस्ती एवम् समग्र गाउँ तथा नगरपालिकालाई वातावरणमैत्री बनाउन प्रेरित गरिनेछ। यस्ता सूचनामूलक सामग्री सरल भाषामा तयार गरी स्थानीय समुदायसम्म पुऱ्याईनेछ। साथै सरोकारवालाहरूलाई यस अवधारणाको बारेमा अभिमुखीकरण गरिनेछ। यस्तो अभिमुखीकरण हरेक समुदाय, विद्यालय तथा गाउँमा समेत सञ्चालन गरिनेछ।

### ७.२.२ आधार तथ्याङ्क सङ्कलन, विश्लेषण तथा अद्यावधिक

स्थानीय तहले यस प्रारूप बमोजिमका सूचकहरुको अवस्थाको विवरण सङ्कलन गर्न आवश्यकता अनुसार फारामहरूको विकास गर्नु पर्नेछ। सङ्कलन भएका विवरणका आधारमा सूचकहरुको अवस्था नियमित रुपमा अद्यावधिक गरी सो सम्बन्धी वार्षिक उपलब्धि प्रतिवेदन समेत तयार गर्नु पर्नेछ। यसरी तयार भएको प्रतिवेदन सबैको जानकारीका लागि कार्यालयको वेबसाइट मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

### ७.२.३ संस्थागत व्यवस्था

यस प्रारूप बमोजिम जिल्ला तहमा वातावरणमैत्री स्थानीय शासन जिल्ला समन्वय समिति, नगरपालिकाहरूमा वातावरणमैत्री स्थानीय शासन नगर समन्वय समिति, गाउँपालिकाहरूमा वातावरणमैत्री स्थानीय शासन गाउँ समन्वय समिति र गाउँ तथा नगरका वडामा वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समिति गठन गर्नु पर्नेछ।

विभिन्न तहमा क्रियाशील रहेका वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापनसँग सम्बन्धित क्षेत्रमा काम गर्ने सबै सङ्घसंस्थालाई यस प्रारूप बमोजिमका सूचकहरू प्राप्त गर्नेगरी परिचालन र समन्वय गर्ने कार्य सम्बन्धित वातावरणमैत्री स्थानीय शासन वडा, गाउँ/नगर तथा जिल्ला समन्वय समितिले गर्नेछन्।

### ७.२.४ क्षमता विकास

#### (अ) टोल-समुदाय तह

(क) गाउँपालिका/नगरपालिका भित्र कार्यरत सामाजिक परिचालककहरुको कार्य जिम्मेवारी र भूमिका थप गरी वातावरणमैत्री स्थानीय शासनको प्रारुप सम्बन्धी विषयमा समुदायको क्षमता अभिवृद्धिका लागि परिचालन गर्नु पर्नेछ।

(ख) टोल विकास संस्था/टोल सुधार समितिका सदस्यहरू, महिला स्वास्थ्य स्वयंसेविका, आमा समुह, युवा क्लब तथा वन उपभोक्ता समूह जस्ता सामुदायिक संस्थाहरुलाई वातावरणमैत्री स्थानीय शासनसम्बन्धी अभिमुखिकरण तथा क्षमता विकासका लागि तालिमहरु सञ्चालन गर्नु पर्नेछ।

(ग) समुदाय/टोल एवम् वडाहरूमा वातावरणमैत्री स्थानीय शासनबारे प्रचार/प्रसार र अन्य जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(घ) अगुवा कृषकहरूमार्फत प्राङ्गारिक खेती, उन्नत खेती, खेतबारी संरक्षण तथा रासायनिक विषादीको नकारात्मक असर बारे कृषकहरुलाई प्रदर्शनी/चेतना जागरण र सीप प्रदान गर्ने/गराउने जस्ता क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ।

क्षमता विकास सम्बन्धी उपरोक्त क्रियाकलापहरु वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समिति मार्फत सञ्चालन गर्न उपयुक्त हुन्छ।

#### (आ) वडा तह

वडा भित्रका महिला स्वास्थ्य स्वयंसेविका, आमा समूह, युवा क्लब, विद्यालयका सम्बन्धित विषय शिक्षक तथा सामाजिक परिचालकहरूलाई वातावरणमैत्री स्थानीय शासनको अवधारणा, घर-परिवार तथा वडा तहका सूचकहरू, सूचक हासिल गर्ने विधि र प्रक्रिया, मापन गर्ने विधि र प्रक्रियाबारे सम्बन्धित वडा वा गाउँपालिका/नगरपालिकाले आफै वा वडाको अगुवाइमा अभिमुखीकरण गर्नु पर्नेछ।

#### (इ) गाउँपालिका/नगरपालिका तह

(क) गाउँपालिका/नगरपालिकामा वातावरण तथा विपद् व्यवस्थापन विषय हेर्ने शाखा, महाशाखाले यस प्रारुपको कार्यान्वयन जिम्मेवारी निर्वाह गर्नु पर्नेछ। छुट्टै शाखा वा एकाइ नभएको अवस्थामा विद्यमान संरचनामा रहेको सरसफाई वा फोहरमैला व्यवस्थापन शाखा वा अन्य उपयुक्त शाखाको कार्य विवरण अद्यावधिक गराई वातावरणमैत्री स्थानीय शासनसम्बन्धी कार्यहरूको जिम्मेवारीसमेत थप गर्नु पर्नेछ।

(ख) वातावरणमैत्री स्थानीय शासन क्षेत्रमा काम गर्ने कर्मचारीहरूलाई वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, वातावरणीय अध्ययन प्रतिवेदन तथा भवन निर्माण संहिता जस्ता विषयमा समेत क्षमता विकास तालिम प्रदान गर्नु पर्नेछ।

(ग) गाउँपालिका/नगरपालिकाका वडा एवम् टोलहरू, सामुदायिक संस्था तथा टोल विकास संस्थाहरुको लागि क्षमता विकासका कार्यहरू सञ्चालन गर्नु पर्नेछ।

## ७.३ मापन संयन्त्र र विधि

### ७.३.१ नगरपालिका

नगरपालिकाका विभिन्न तहमा गरिने अनुगमन तथा मापन विधि निम्न तालिकामा उल्लेख गरिएको छः

| तह/स्तर | मापन गर्ने निकाय/संयन्त्र | अवधि | विधि |
|---|---|---|---|
| घर/ परिवारस्तर | टोल विकास संस्था | वर्षमा दुई पटक | अवलोकन, प्रत्येक घर परिवारको छुट्टाछुट्टै मापन फाराम भरी वडा कार्यालयमा पठाउने |
| टोल/ समूदायस्तर | वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समितिले तोकेको वडा समितिका सदस्यको संयोजकत्वमा वडा भित्रका टोलमा पर्ने विद्यालयको प्र.अ.,स्वास्थ्य चौकी तथायुवा क्लव/वातावरण संरक्षण सम्बन्धी कार्य गर्ने गै.स.स./सामुदायिक संस्था/ टोल विकास संस्था, वडा समितिको कार्यालयमा कार्यरत प्राविधिकर महिला स्वास्थ्य स्वयंसेविका समेतको प्रतिनिधित्व रहेको टोली, | वर्षमा दुई पटक | अवलोकन, प्रत्येक टोलको छुट्टाछुट्टै मापन फारम भरी वडा कार्यालय मार्फत नगरपालिकामा सिफारिश साथ पठाउने |
| वडा तह | नगरकार्यपालिका सदस्यहरु मध्येबाट वातावरणमैत्री स्थानीय शासन नगर समन्वय समितिले तोकेको सदस्यको संयोजकत्वमा नगरपालिकाको प्राविधिक, खानेपानी तथा सरसफाई डिभिजन कार्यालयका प्रमुख वा प्रतिनिधि, स्वास्थ्य कार्यालयका प्रमुख वा प्रतिनिधि, विद्यालयको प्रधानाध्यापक मध्येबाट एक जना र नगरस्तरमा क्रियाशील गैर सरकारी संस्थाका प्रतिनिधि समेतको टोलीमार्फत मापन गर्ने, | वर्षमा दुई पटक | अवलोकन, प्रत्येक वडाको छुट्टाछुट्टै मापन फाराम भरी नगरपालिकामा सिफारिस साथ पठाउने |
| नगरपालिका तह | जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको प्रतिनिधि, जिल्ला समन्वय अधिकारी, जिल्ला स्थित खानेपानी, शिक्षा, स्वास्थ्य, वनकार्यालयको प्रमुख एवम् जिल्ला भित्र क्रियाशील गैर सरकारी संस्थाहरुको समेत प्रतिनिधित्व रहेको टोली मार्फत मापन गर्ने, | वार्षिक एक पटक | अवलोकन, भूउपयोग योजना, भवन संहिता तथा स्थानीय योजना दस्तावेजहरूको कार्यान्वयन अवस्थाको अध्ययन, समुह छलफल, निजी क्षेत्रसँग गरिएका सम्बन्धित करार/ सम्झौता समेतका आधारमा प्रत्येक नगरपालिकाको छुट्टाछुट्टै मापन फाराम भरी जिल्ला सभामा सिफारिस साथ पठाउने |

## ७.३.२ गाउँपालिका

गाउँपालिका क्षेत्रको विभिन्न तहमा गरिने अनुगमन तथा मापन तलको तालिकामा उल्लेख गरिएको छः

| तह/स्तर | मापन गर्ने निकाय/संयन्त्र | अवधि | विधि |
|---|---|---|---|
| घर/ परिवारस्तर | टोल विकास संस्था गठन भएको अवस्थामा सोसंस्था मार्फत र नभएको अवस्थामा वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समितिले तोकेको वडा समितिका सदस्यकोसंयोजकत्वमा वडा भित्रका टोलमा पर्ने विद्यालयको प्र.अ.,स्वास्थ्य चौकी तथायुवा क्लव/वातावरण संरक्षण सम्बन्धी कार्य गर्ने गै.स.स./सामुदायिक संस्था, वडा समितिको कार्यालयमा कार्यरत प्राविधिकर महिला स्वास्थ्य स्वयंसेविका समेतको प्रतिनिधित्व रहेको टोली, | वर्षमा दुई पटक | अवलोकन, प्रत्येक घर परिवारको छुट्टाछुट्टै मापन फारम भरी वडा समितिमा पेस गर्ने, वडा समितिले सिफारिस साथ गाउँपालिकामा पठाउने |
| वडा तह | कार्यपालिका सदस्यहरु मध्येबाट वातावरणमैत्री स्थानीय शासन गाउँ समन्वय समितिले तोकेको सदस्यको संयोजकत्वमा गाउँपालिकाको प्राविधिक, खानेपानी तथा सरसफाई एवम्स्वास्थ्य शाखाका प्रमुख, विद्यालयको प्रधानाध्यापक मध्येबाट एक जना रगाउँस्तरमा क्रियाशील गैर सरकारी संस्थाका प्रतिनिधि समेतको टोलीमार्फत मापन गर्ने, | वर्षमा दुई पटक | अवलोकन, समुह छलफल समेतका आधारमा प्रत्येक वडाको छुट्टाछुट्टै मापन फाराम भरी गाउँपालिकामा सिफारिस साथ पठाउने |
| गाउँपालिका तह | जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको प्रतिनिधि, जिल्ला समन्वय अधिकारी, जिल्ला स्थित खानेपानी, शिक्षा, स्वास्थ्य, वनकार्यालयको प्रमुख एवम् जिल्ला भित्र क्रियाशील गैर सरकारी संस्थाहरुको समेत प्रतिनिधित्व रहेको टोली मार्फत मापन गर्ने, | वार्षिक एक पटक | अवलोकन, भूउपयोग योजना, भवन संहिता तथा स्थानीय योजना दस्तावेजहरूको कार्यान्वयन अवस्थाको अध्ययन, समुह छलफल,निजी क्षेत्रसँग गरिएका सम्बन्धित करार/ सम्झौता समेतका आधारमा प्रत्येक गाउँपालिकाको छुट्टाछुट्टै मापन फाराम भरी जिल्ला सभामा सिफारिस साथ पठाउने |

गाउँपालिका/नगरपालिकाका सबै वडाहरू वातावरणमैत्री घोषणा भई यस प्रारूपमा उल्लेखित सूचकहरू हासिल भएपछि जिल्ला सभाले निर्णय गरी वातावरणमैत्री गाउँपालिका/नगरपालिका घोषणा गर्न सिफारिश साथ सहमतिका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखि पठाउनु पर्नेछ र सोको

जानकारी प्रदेश सरकारलाई दिनु पर्नेछ। यस्तो अनुरोध प्राप्त भएपछि वातावरणमैत्री स्थानीय शासन राष्ट्रिय समन्वय समितिबाट प्राविधिक उपसमिति गठन गरी अनुगमन मूल्याङ्कन गराइनेछ। प्राविधिक उपसमितिको मूल्याङ्कनको आधारमा वातावरणमैत्री गाउँपालिका/नगरपालिका घोषणा गर्न आवश्यक सबै सूचक पूरा भएको पाईएमा वातावरणमैत्री स्थानीय शासन राष्ट्रिय समन्वय समितिबाट वातावरणमैत्री गाउँपालिका/नगरपालिका घोषणा गर्न जिल्ला समन्वय समितिलाई सहमति दिईनेछ। यस्तो सहमति प्राप्त भएपछि जिल्ला समन्वय समितिले विशेष कार्यक्रम साथ गाउँपालिका/नगरपालिकालाई वातावरणमैत्री गाउँपालिका/नगरपालिका घोषणा गरी **परिच्छेद ६.२** बमोजिमको लोगो र कदरपत्र प्रदान गरिनेछ।

### ७.३.३ जिल्ला तह

जिल्लाका सबै गाउँपालिका तथा नगरपालिकाहरू वातावरणमैत्री घोषणा भइसकेपछि र जिल्लाका सबै सूचक पुरा भएपछि जिल्ला सभाले निर्णय गरी वातावरणमैत्री जिल्ला घोषणाका लागि वातावरणमैत्री स्थानीय शासन राष्ट्रिय समन्वय समितिसमक्ष अनुरोध गर्नु पर्नेछ। यस्तो अनुरोध प्राप्त भएपछि सो समितिबाट प्राविधिक उपसमिति मार्फत अनुगमन मूल्याङ्कन गरी सो उपसमितिको अनुगमन प्रतिवेदनको आधारमा निर्णय गरी विशेष कार्यक्रमसाथ जिल्लालाई वातावरणमैत्री जिल्लाको रूपमा घोषणा गरी **परिच्छेद ६.२** बमोजिमको लोगो र कदरपत्र प्रदान गरिनेछ।

### ७.३.४ विशिष्ट⁄विशेष सूचक मूल्याङ्कन संयन्त्र र विधि

कुनै गाउँपालिका/नगरपालिकामा यस प्रारुप बमोजिम वातावरणमैत्री स्थानीय शासन राष्ट्रिय समन्वय समितिले विशिष्ट⁄विशेष सूचक समेत थप गरेको अवस्थामा त्यस्ता सूचकहरुको मूल्याङ्कन संयन्त्र र विधि सोही समितिले तोकेबमोजिम हुनेछ।

## ७.४ उत्प्रेरणाका तरिका (Incentive methods)

### ७.४.१ गाउँपालिका/नगरपालिका

#### (ग) घर-परिवार तह

१) निर्धारित सूचकहरू पुरा गरेको घर-परिवारलाई **"वातावरणमैत्री घर परिवार"** को घोषणा गरी लोगो तथा कदरपत्र प्रदान गर्ने र त्यस्तो लोगो सडकबाटै देखिने गरी सम्मान पाउने घरपरिवारको प्रवेशद्वारमा टाँस्ने व्यवस्था गर्नु पर्नेछ।

२) वातावरणमैत्री घर-परिवारको सम्मान प्राप्त गर्नेलाई गाउँ⁄नगर सभाले निर्णय गरी स्थानीय तहको कानून बमोजिम लगाउने सेवा शुल्क तथा दस्तुरमा आंशिक वा पूर्ण छुटको व्यवस्था गर्न सक्नेछ।

#### (ख) टोल/समुदाय तह

१) टोल⁄समुदायले निर्धारित सूचकहरू पूरा गरी वातावरणमैत्री टोल घोषणा भएको अवस्थामा नगरपालिकाले त्यस्तो टोल⁄समुदायलाई वातावरणमैत्री सम्मान स्वरूप लोगो तथा कदरपत्र प्रदान गर्ने र त्यस्तो लोगो र कदरपत्र समावेश भएको होर्डिङ्गबोर्ड राख्न अनुमति प्रदान गर्न सक्नेछ।

२) वातावरणमैत्री टोल⁄समुदाय घोषित भएका टोलबासी⁄समुदायको सिफारिसमा उक्त टोल समुदायका सदस्यलाई नगरपालिकाले सञ्चालन गर्ने क्षमता विकासका क्रियाकलापहरू (तालिम,

गोष्ठी, अवलोकन भ्रमण आदि) मा प्राथमिकताका साथ अवसर प्रदान गर्नेछ। साथै यस्तो कार्यमा क्रियाशील टोललाई भौतिक साधनहरू (फर्निचर, कम्प्यूटर आदि) बाट पुरस्कृत गर्न सक्ने र यस्ता टोलका पदाधिकारीलाई नगरकै अन्य टोलहरूमा स्रोत व्यक्तिका रूपमा उपयोग गर्ने व्यवस्था मिलाउन सकिनेछ।

### (ग) वडा तह

१) निर्धारित सूचकहरू पूरा गरी वातावरणमैत्री घोषणा हुने वडालाई वातावरणमैत्री स्थानीय शासन गाउँ/नगर समन्वय समितिको निर्णय अनुरुप कदरपत्र तथा लोगो प्रदान गर्नेछ।

२) वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समितिलाई गाउँपालिका/नगरपालिकाबाट प्रोत्साहन पुरस्कार प्रदान गर्न सकिनेछ। यस कार्यमा सक्रियताकासाथ सहयोग गर्ने व्यक्ति-विशेषलाई नगद पुरस्कारको पनि व्यवस्था गर्न सकिनेछ।

३) वातावरणमैत्री घोषणा भएको वडालाई परिस्कृत सूचक हासिल गर्न गाउँपालिका/नगरपालिकाबाट थप अनुदान प्रदान गर्न सकिनेछ।

## ७.४.२ गाउँपालिका/नगरपालिका तह

१) वातावरणमैत्री स्थानीय शासनका आधारभूत सूचकहरू पूरा गर्ने गाउँपालिका/नगरपालिकालाई वातावरणमैत्री स्थानीय शासन जिल्ला समन्वय समितिद्वारा **“वातावरणमैत्री गाउँपालिका/ नगरपालिका”** को रूपमा कदरपत्र सहित लोगोद्वारा सम्मानित गर्नु पर्नेछ।

२) वातावरणमैत्री घोषणा भएका गाउँपालिका/नगरपालिकालाई नेपाल सरकारले प्रोत्साहन गर्न सक्नेछ।

## ७.४.३ जिल्ला तह

१) जिल्ला भित्रका सबै गाउँपालिका तथा नगरपालिकाहरुले निर्धारित सूचकहरू पूरा गरेकाजिल्लालाई नेपाल सरकारबाट **“वातावरणमैत्री जिल्ला”** को रूपमा कदरपत्र तथा लोगोबाट सम्मानित गरिनेछ।

२) वातावरणमैत्री घोषणा भएका जिल्लालाई नेपाल सरकारले पुरस्कार वा प्रोत्साहन प्रदान गर्न सक्नेछ।


## ७.४.४ तारा प्रदान गर्ने प्रक्रिया

वातावरणमैत्री घोषणा भएका र परिस्कृत सूचकहरु पूरा भएका घर परिवार, टोल, वडा, गाउँपालिका, नगरपालिका तथा जिल्लालाई परिच्छेद ७.३ बमोजिम गरिने मापन तथा अनुगमनका आधारमा परिच्छेद ६.२ मा उल्लेख भएबमोजिमको तारा प्रदान गर्ने कार्य सम्बन्धित तहको वातावरणमैत्री स्थानीय शासन समन्वय समितिले वार्षिक रुपमा गर्नेछ।

वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७८

## ७.५ संस्थागत संरचना

यस प्रारुपको कार्यान्वयनको लागि देहाय बमोजिमको संस्थागत व्यवस्था गरिएको छः




### ७.५.१ वातावरणमैत्री स्थानीय शासन राष्ट्रिय समन्वय समिति

यस प्रारुपको उद्देश्य प्राप्तिका लागि आवश्यक नीतिगत निर्देशन, समन्वय र सहजीकरणका लागि देहाय बमोजिमको राष्ट्रिय समन्वय समिति रहनेछः

| | |
|---|---|
| सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | अध्यक्ष |
| सहसचिव, राष्ट्रिय योजना आयोग | सदस्य |
| सहसचिव, अर्थ मन्त्रालय | सदस्य |
| सहसचिव, शहरी विकास मन्त्रालय | सदस्य |
| सहसचिव, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| सहसचिव, शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय | सदस्य |
| सहसचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य |
| सहसचिव, खानेपानी मन्त्रालय | सदस्य |
| सहसचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सदस्य |

वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७८

| | |
|---|---|
| प्रमुख, जिल्ला समन्वय समिति महासङ्घ, नेपाल नगरपालिका सङ्घ तथा गाउँपालिका राष्ट्रिय महासङ्घ | सदस्य |
| सहसचिव, योजना तथा विकास सहायता समन्वय महाशाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य सचिव |

यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वातावरणमैत्री स्थानीय शासन कार्यक्रमहरूमा दोहोरोपना आउन नदिन नेपाल सरकारका विषयगत मन्त्रालय/निकाय, विकास साझेदार तथा राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई नीतिगत निर्देशन तथा  समन्वय गर्ने,

(ख) वातावरणमैत्री जिल्ला, गाउँ तथा नगर घोषणा गर्न सहमति प्रदान गर्ने,

(ग) समग्र कार्यक्रमको समीक्षा गरी आवश्यक निर्देशन दिने,

(घ) यस प्रारुपमा उल्लिखित सूचकहरुलाई स्थानीय तहको विकास योजनामा मूलप्रवाहीकरण गर्न समन्वय तथा सहजीकरण गर्ने।

(ङ) कुनै स्थानीय तहले विशिष्ट सूचक समावेश गर्न स्वीकृतिका लागि माग गरेमा उपयुक्तता हेरी सहमति प्रदान गर्ने।

(च) वातावरणमैत्री जिल्ला, नगर र गाउँपालिकालाई पुरस्कृत र प्रोत्साहित गर्न उपयुक्त नीति तथा कार्यक्रम नेपाल सरकार समक्ष सिफारिस गर्ने।

(छ) यस प्रारुपको कार्यान्वयनका लागि आवश्यकता अनुसारका अन्य कार्यहरु गर्ने।

### ७.५.२ वातावरणमैत्री स्थानीय शासन जिल्ला समन्वय समिति

वातावरणमैत्री स्थानीय शासन सम्बन्धी क्रियाकलापहरुको जिल्लास्तरमा गरिने मूल्याङ्कन, समन्वय र सहजीकरणका लागि देहाय बमोजिमको वातावरणमैत्री स्थानीय शासन जिल्ला समन्वय समिति रहनेछः

| | |
|---|---|
| प्रमुख, जिल्ला समन्वय समिति | अध्यक्ष |
| जिल्लाभित्रका गाउँ/नगरपालिकाका अध्यक्ष/प्रमुख | सदस्य |
| प्रमुख जिल्ला अधिकारी | सदस्य |
| जिल्ला प्रहरी प्रमुख | सदस्य |
| खानेपानी तथा सरसफाई डिभिजन कार्यालय प्रमुख | सदस्य |
| डिभिजन वन अधिकृत | सदस्य |
| जिल्ला शिक्षा विकास तथा समन्वय एकाई प्रमुख | सदस्य |
| स्वास्थ्य कार्यालय प्रमुख | सदस्य |
| अध्यक्ष, जिल्ला उद्योग वाणिज्य सङ्घ | सदस्य |
| अध्यक्ष, गैरसरकारी संस्था महासङ्घ जिल्ला समिति | सदस्य |
| जिल्ला समन्वय अधिकारी | सदस्य सचिव |

भू-संरक्षण कार्यालय एवम् राष्ट्रिय निकुञ्ज तथा आरक्ष पर्ने जिल्लामा उक्त निकायका प्रमुखलाई सदस्यको रूपमा आमन्त्रित गर्नु पर्नेछ।

यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) जिल्लामा सञ्चालन हुने वातावरण संरक्षण, विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन र फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रमहरूको समन्वय, अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने,

(ख) गाउँपालिका तथा नगरपालिकालाई वातावरणमैत्री बनाउन सहयोग, समन्वय तथा सहजीकरण गर्ने।

(ग) आधारभूत सूचक हासिल गर्ने गाउँपालिका तथा नगरपालिकालाई वातावरणमैत्री घोषणा गर्न सिफारिस गर्ने,

(घ) जिल्ला भित्रका वातावरणमैत्री घर-परिवार, टोल, वडा तथा गाउँपालिका एवम् नगरपालिका सम्बन्धी विवरण त्रैमासिक रूपमा वातावरणमैत्री स्थानीय शासन राष्ट्रिय समन्वय समिति समक्ष पठाउने,

(ङ) जिल्लास्थित कार्यालयको अनुगमन मापन गरी सूचक पूरा गर्नेलाई वातावरणमैत्री कार्यालयको लोगो तथा कदरपत्र प्रदान गर्ने,

(च) परिस्कृत सूचक हासिल गर्ने गाउँपालिका तथा नगरपालिकालाई तारासहितको लोगो प्रदान गर्ने,

(छ) जिल्लालाई वातावरणमैत्री घोषणा गर्न आवश्यक कार्यहरू गर्ने, गराउने।

### ७.५.३ वातावरणमैत्री स्थानीय शासन गाउँ/नगर समन्वय समिति

वातावरणमैत्री स्थानीय शासनको प्रारुपको कार्यान्वयनका लागि गाउँ/नगरपालिकामा देहाय बमोजिमको गाउँ/नगर समन्वय समिति रहनेछः

| | |
|---|---|
| नगरप्रमुख/गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि | सदस्य |
| अधिकृत प्रतिनिधि,जिल्ला समन्वय समिति | सदस्य |
| नेपाल प्रहरी, स्थानीय एकाई प्रमुख | सदस्य |
| खानेपानी तथा सरसफाई शाखाप्रमुख | सदस्य |
| शिक्षा शाखा प्रमुख | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य |
| सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्येबाट तीनजना | सदस्य |
| सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष मध्येबाट दुईजना | सदस्य |
| सामुदायिक संस्थाका प्रमुख मध्येबाट पाँचजना | सदस्य |

| | |
|---|---|
| गाउँ/नगरपालिकास्तरीय उद्योग वाणिज्य सङ्घका प्रमुख | सदस्य |
| गैरसरकारी संस्थास्थानीय समन्वय समितिका प्रमुख | सदस्य |
| वातावरणतथा विपद् व्यवस्थापन महाशाखा/शाखा प्रमुख | सदस्य सचिव |

यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) स्थानीय तहमा सञ्चालन हुने वातावरण संरक्षण, विपद व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन, शहरी विकास तथा भूउपयोग योजना र फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रमहरूको कार्यान्वयन, समन्वय, अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने,

(ख) वडालाई वातावरणमैत्री बनाउन आवश्यक क्षमता विकास तथा सहयोग, समन्वय र सहजीकरण गर्ने,

(ग) वडालाई वातावरणमैत्री घोषणा गर्ने तथा घर परिवार र टोललाई वातावरणमैत्री घोषणा गर्न सहमती प्रदान गर्ने,

(घ) वातावरणमैत्री गाउँपालिका/नगरपालिका घोषणा गर्न सिफारिस गर्ने,

(ङ) वातावरणमैत्री घर-परिवार, टोल तथा वडा सम्बन्धी विवरण त्रैमासिक रुपमा वातावरणमैत्री स्थानीय शासन जिल्ला समन्वय समिति र राष्ट्रिय समन्वय समिति समक्ष पठाउने,

(च) वातावरणमैत्री टोल एवम् वडालाई पुरस्कृत र प्रोत्साहन गर्न सिफारिस गर्ने,

(छ) परिस्कृत सूचक हासिल गर्ने वडालाई तारासहितको लोगो प्रदान गर्ने,

(ज) गाउँपालिका तथा नगरपालिकाको विशिष्टताका आधारमा थप सूचक समावेश गर्नु पर्ने भए सहमतिका लागि वातावरणमैत्री स्थानीय शासन जिल्ला समन्वय समिति मार्फत राष्ट्रिय समन्वय समिति समक्ष अनुरोध गर्ने,

(झ) स्थानीय तहलाई पूर्णरुपमा वातावरणमैत्री बनाउन आवश्यक अन्य कार्यहरू गर्ने।

### ७.५.४ वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समिति

वातावरणमैत्री स्थानीय शासनको प्रारुपको कार्यान्वयनका लागि गाउँ/नगर पालिकाको वडा तहमा देहाय बमोजिमको वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समिति रहनेछः

| | |
|---|---|
| वडा अध्यक्ष | अध्यक्ष |
| वडा सदस्यहरु | सदस्य |
| नेपाल प्रहरी, स्थानीय एकाई प्रमुख | सदस्य |
| सामुदायिक विद्यालयका प्रधानाध्यापक मध्येबाट एकजना | सदस्य |
| सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष मध्येबाट एकजना | सदस्य |
| सामुदायिक संस्थाका प्रमुख मध्येबाट दुईजना | सदस्य |
| क्रियाशिल गैरसरकारी संस्थाका स्थानीय प्रतिनिधि | सदस्य |
| वडा सचिव | सदस्य सचिव |

यस समितिको काम, कर्तव्य, अधिकार एवं जिम्मेवारी देहाय बमोजिम हुनेछः

(क) वडा तहमा सञ्चालन हुने वातावरण संरक्षण, विपद् व्यवस्थापन, भू-उपयोग योजना कार्यान्वयन, जलवायू परिवर्तन अनुकूलन र फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रमहरूको कार्यान्वयन, समन्वय, अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने,

(ख) घर परिवार र टोललाई वातावरणमैत्री बनाउन आवश्यक क्षमता विकास, सहयोग, समन्वय तथा सहजीकरण गर्ने,

(ग) आधारभूत सूचक पूरा गर्ने घर परिवार र टोललाई वातावरणमैत्री घोषणा गर्ने,

(घ) वातावरणमैत्री वडा घोषणा गर्न गाउँपालिका तथा नगरपालिका समक्ष सिफारिस गर्ने,

(ङ) परिस्कृत सूचक हासिल गर्ने घर परिवार तथा टोललाई तारासहितको लोगो प्रदान गर्ने,

(च) वातावरणमैत्री घर-परिवार, टोलको विवरण त्रैमासिक रूपमा गाउँपालिका/नगरपालिकामा पठाउने,

(छ) वातावरणमैत्री घर परिवार एवम् टोललाई पुरस्कृत र प्रोत्साहन गर्न सिफारिस गर्ने,

(ज) वडालाई वातावरणमैत्री बनाउन आवश्यक अन्य कार्यहरू गर्ने।

## ७.६ वित्तीय स्रोत व्यवस्थापन

यस प्रारूपमा प्रस्ताव गरिएका सूचकहरू हासिल गर्न मूलतः घर-परिवारको योगदान महत्वपूर्ण हुन्छ। यस प्रारूपबमोजिम घर-परिवारदेखि जिल्लालाई वातावरणमैत्री बनाउन नेपाल सरकारका विभिन्न निकाय, प्रदेश सरकार, स्थानीय तह,विकास साझेदार,राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एवम् निजी क्षेत्र सबैको योगदान आवश्यक पर्छ। तसर्थ, यस प्रारुपमा तोकिएका क्रियाकलापहरु गाउँपालिका तथा नगरपलिकाले वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नु पर्नेछ। यस बाहेक विकास साझेदार, स्थानीय तहमा क्रियाशील राष्ट्रिय तथा गैर सरकारी संस्था तथा नीजि क्षेत्रले समेत प्रारुपको कार्यान्वयनमा सहयोग गर्नु पर्नेछ। गाउँपालिका/नगरपालिकाले यस्ता क्षेत्रसँग समन्वय र सहकार्य गर्न सक्नेछ। प्रारुपको कार्यान्वयनको लागि नेपाल सरकार र प्रदेश सरकारले प्रोत्साहन र थप अनुदान उपलब्ध गराउन सक्नेछन्।

## ७.७ कार्यान्वयन व्यवस्थापन

वातावरणमैत्री स्थानीय शासन कुनै नयाँ र थप कार्यक्रम नभई संविधान, नीति एवम् प्रचलित कानून बमोजिम स्थानीय तह आफै वा आफ्नो अगुवाइ वा समन्वयमा सम्पादन गर्नुपर्ने काम तथा जिम्मेवारीको सूची हो। यसमा मूल्याङ्कनयोग्य सरल सूचक तयार गरी सन्निकटताको सिद्धान्त बमोजिम घर-परिवार, टोल/बस्ती, वडास्तर तथा गाउँपालिका/नगरपालिका र जिल्लालाई यस्ता सूचक हासिल गर्न प्रोत्साहित गर्ने अवधारणामा आधारित भई तयार गरिएको छ। यसर्थ यसलाई कुनै नयाँ कार्यक्रमका रूपमा नलिई सम्बन्धित सबै तहले विद्यमान जनशक्तिलाई यस्ता सूचक हासिल गर्ने गरी जिम्मेवारी तोकी लक्ष्य प्राप्ति तर्फ उत्प्रेरित गर्न आवश्यक हुन्छ। त्यसैगरी सबै निकायले आ-आफ्नो क्षेत्रमा सञ्चालन भइरहेका वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन तथा विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमहरूलाई यस प्रारूपसँग सामञ्जस्यता कायम गरी कार्यान्वयन गर्नु पर्दछ।

सङ्घीय तहमा आवश्यक समन्वय र सहजीकरण गर्ने कार्य सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको योजना तथा विकास सहायता समन्वय महाशाखा प्रमुखको प्रत्यक्ष निर्देशनमा रही वातावरण तथा विपद् व्यवस्थापन शाखाले गर्नेछ।

जिल्लामा जिल्ला समन्वय समितिको कार्यालयले वातावरणमैत्री स्थानीय शासन जिल्ला समन्वय समितिको सचिवालयको रुपमा काम गर्नेछ। गाउँ/नगरपालिकामा वातावरण तथा विपद् व्यवस्थापन हेर्ने महाशाखा/शाखा/एकाईले सचिवालयको रूपमा काम गर्नेछ। वडा र समुदाय तहमा सञ्चालन हुने क्रियाकलापहरुको समन्वय र सहजीकरणको व्यवस्था वडा समितिको कार्यालयले मिलाउन सक्नेछ।

## ७.८ सरोकारवाला निकायहरूको भूमिका

यस प्रारूपमा उल्लिखित सूचकहरूमध्ये आ-आफ्नो कार्यक्षेत्रसम्बन्धी सूचकहरू हासिल गर्नेगरी नीति, रणनीति तथा कार्यनीति तयार गरी सो बमोजिम आवश्यक लगानी, समन्वय तथा सहजीकरण गर्ने जिम्मेवारी सबै सरोकारवाला निकायहरूको हुनेछ। प्रमुख सरोकारवाला निकायहरूको भूमिका तथा जिम्मेवारी देहाय बमोजिम उल्लेख गरिएको छ:

### ७.८.१ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(क) वातावरणमैत्री स्थानीय शासनको प्रारूप कार्यान्वयनका लागि समन्वयगर्न राष्ट्रिय सचिवालयको रूपमा रही काम गर्ने,
(ख) सूचकहरू हासिल गर्न स्थानीय तहको क्षमता विकासका कार्यहरू सञ्चालन गर्ने,
(ग) नीतिगत समन्वय तथा सहजीकरण र वहस पैरवी गर्ने,
(घ) सूचकहरूलाई स्थानीय तहको निमित्त तयार गरिने नमूना कार्यविधि एवम् निर्देशिकाहरूमा मूलप्रवाहीकरण गर्ने,
(ङ) हरितनगर, पर्यटकीय नगर, धार्मिकनगर जस्ता विशेष विशेषतायुक्त सूचकहरू तयार गर्ने,
(च) वातावरणमैत्री स्थानीय तहहरुको अभिलेख अद्यावधिक गर्ने,
(छ) मन्त्रालयको अनुगमन संरचनामा यसका सूचकहरूलाई समावेश गर्ने,
(ज) केन्द्रीय स्तरका कार्यालयको वातावरणमैत्री कार्यालयका सूचक प्राप्तीको मूल्याङ्कन गरी लोगो एवम् कदर पत्रका लागि राष्ट्रिय समन्वय समिति समक्ष सिफारिस गर्ने,
(झ) आवश्यक अन्य कार्यहरू गर्ने।

### ७.८.२ विकास साझेदार

(क) वातावरणमैत्री स्थानीय शासनको प्रारुप कार्यान्वयन गर्न नेपाल सरकारलाई सघाउने,
(ख) वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन, फोहरमैला एवम् विपद् व्यवस्थापनका क्षेत्रमा कार्य गर्दा यस प्रारूपबमोजिमका सूचकहरू हासिल गर्न समन्वय र सहयोग गर्ने,
(ग) यस प्रारूप वमोजिमका सूचकहरू हासिल गर्न आवश्यक क्षमता विकासका कार्यक्रम, प्रचार/प्रसार र उत्प्रेरणा सम्बन्धी कार्यहरू सम्पादन गर्न सहकार्य गर्ने।

### ७.८.३ स्थानीय तहहरू

(क) यस प्रारूपमा तोकिए वमोजिमका नतिजा हासिल गर्न साधन-स्रोतको परिचालन गर्ने,
(ख) आफ्नो क्षेत्रमा वातावरण संरक्षणसँग सम्बन्धित कार्य गर्ने सबै सरकारी निकायहरू, विकास साझेदार, गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रलाई यसैबमोजिमका सूचकहरू हासिल गर्न समन्वय सहजीकरण तथा सहकार्य गर्ने,
(ग) आ-आफ्नो क्षेत्रलाई वातावरणमैत्री बनाउन प्रयत्नरत रहने।

### ७.८.४ गैरसरकारी संस्थाहरू

(क) सम्बन्धित स्थानीय तहको वार्षिक योजना तथा कार्यक्रममा संस्थाका क्रियाकलापहरु समावेश गरी स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा यस प्रारूप बमोजिमका सूचकहरू हासिल गर्नेगरी उपलब्ध स्रोतको परिचालन गर्ने,

(ख) स्थानीय स्तरका सामुदायिक एवम् सामाजिक सङ्घ संस्थाहरूलाई यस प्रारूप बमोजिमका सूचकहरू मापन गर्न आवश्यक पर्ने क्षमता विकास सम्बन्धी कार्यहरू सञ्चालन गर्न सहयोग गर्ने,

(ग) यस अवधारणालाई घर-परिवारसम्म पुऱ्याउन स्थानीय तहसँगको समन्वयमा सामाजिक परिचालनका कार्यहरू सञ्चालन गर्ने,

(घ) घर-परिवार, टोलबस्ती एवम् स्थानीय तहहरूबीच सकारात्मक प्रतिस्पर्धाको वातावरण निर्माण गर्न उत्प्रेरकको काम गर्ने।

### ७.८.५ सामुदायिक तथा सहकारी सङ्घसंस्था

(क) सामुदायिक तथा सहकारी संस्थाका सदस्यहरूलाई यस प्रारूपका घरपरिवार तह र टोल तहका आधारभूत सूचकहरू हासिल गर्न प्रेरित गर्ने,

(ख) यस प्रारूपमा उल्लेखित सूचकहरू हासिल गर्न सहयोग पुग्नेगरी आफ्नो क्रियाकलाप सञ्चालन गर्ने,

(ग) सम्बन्धित स्थानीय तहसँग यस प्रारूप बमोजिमका सूचकहरू प्राप्त हुनेगरी साझेदारी तथा सहकार्य गर्ने।

### ७.८.६ निजी क्षेत्र

(क) उद्योग व्यवसाय सञ्चालन गर्दा यस प्रारूपमा उल्लेखित सूचकहरू हासिल गर्न सहयोग पुग्ने गरी गर्ने,

(ख) सामाजिक उत्तरदायित्वको रूपमा गरिने लगानीलाई यस प्रारूपको सूचक हासिल गर्न उपयोग गर्न प्राथमिकता दिने,

(ग) नेपाल सरकार तथा स्थानीय तहसँग यस प्रारूप बमोजिमका सूचकहरू प्राप्त हुने गरी साझेदारी तथा सहकार्य गर्ने।

### ७.९ सूचकको परिमार्जन तथा व्याख्या

यस प्रारूपमा समावेश भएका सूचकहरुमा समयानुकूल सुधार र परिमार्जन तथा सूचकहरुको अन्तिम व्याख्या सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गर्नेछ।



वातावरणमैत्री स्थानीय शासन प्रारूप, २०७८